# औद्योगिक व्यवसाय नियमावली, २०७६

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७६।१।३०

औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "औद्योगिक व्यवसाय नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उद्योग" भन्नाले ऐनको दफा १५ बमोजिमका उद्योग सम्झनु पर्छ ।

(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले घरेलु र साना उद्योगको हकमा घरेलु तथा साना उद्योग विभाग, स्वदेशी लगानीमा आधारित मझौला तथा ठूला र विदेशी लगानीमा आधारित उद्योगको हकमा उद्योग विभाग र विशेष आर्थिक क्षेत्रमा स्थापना भई सञ्चालन हुने स्वदेशी लगानीका उद्योगहरुको हकमा विशेष आर्थिक क्षेत्र ऐन, २०७३ बमोजिम स्थापित विशेष आर्थिक क्षेत्र प्राधिकरण सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले ऐनको दफा ४७ बमोजिम सञ्चालनमा रहेका कोष सम्झनु पर्छ ।

(ङ) "बोर्ड" भन्नाले ऐनको दफा १८ बमोजिम गठित उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्योग दर्ता

३. निवेदन दिनु पर्ने: (१) उद्योग स्थापना गर्न चाहने व्यक्तिले देहायका विवरण र कागजात सहित उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा विदेशी नागरिक भए राहदानीको प्रतिलिपि,

(ख) निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण,

(घ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(ङ) विदेशी लगानीमा उद्योग सञ्चालन गर्ने भए विदेशी लगानी स्वीकृति भएको पत्र,

(च) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदार बीच भएको सम्झौताको प्रतिलिपि,

(छ) उद्योग स्थापना गर्ने क्षेत्रको गाउँपालिका वा नगरपालिकाको सिफारिस,

(ज) उद्योग दर्ता गर्ने निकायले तोकेको अन्य आवश्यक कागजात ।

(२) उपनियम (१) बमोजिम उद्योग दर्ताको लागि निवेदन दिँदा निवेदकले अनुसूची–२ बमोजिमको ढाँचामा परियोजना विवरण तयार गरी निवेदनसाथ पेश गर्नु पर्नेछ।

नेपाल कानून आयोग

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम वा घरेलु उद्योग दर्ता गराउन चाहने व्यक्तिले उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकायसमक्ष अनुसूची–३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(४) उपनियम (१) वा (३) बमोजिम निवेदन दिँदा उद्योग दर्ता गर्ने निकायले निर्धारण गरे बमोजिम विद्युतीय माध्यमबाट समेत निवेदन दिन सकिनेछ।

४. प्रमाणपत्र दिनु पर्ने: (१) नियम ३ बमोजिम प्राप्त निवेदन उपर उद्योग दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गर्दा उद्योग दर्ताका लागि आवश्यक पर्ने सम्पूर्ण विवरण वा कागजात प्राप्त भएको र उद्योग दर्ता गर्न मनासिब देखिएमा त्यस्तो विवरण तथा कागजात पेश भएको पन्ध्र दिनभित्र उद्योग दर्ता गरी निवेदकलाई अनुसूची–४ बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दिइने उद्योग दर्ताको प्रमाणपत्रमा उद्योग दर्ता गर्ने निकायले अनुसूची–५ मा उल्लेख भए बमोजिम उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि तोकी ऐनको दफा ५ को उपदफा (४) मा उल्लेख गरिएका अतिरिक्त उद्योगको प्रकृति अनुसार उद्योगले पालना गर्नु पर्ने अन्य आवश्यक शर्तहरु समेत उल्लेख गर्न सक्नेछ।

(३) नियम ३ बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग दर्ता गर्न नमिल्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सात दिनभित्र कारण सहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

५. बोर्डको अनुमति लिनु पर्ने: (१) ऐनको दफा ७ को उपदफा (१) मा उल्लिखित कुनै उद्योग दर्ता गर्न चाहने व्यक्तिले बोर्डको अनुमति प्राप्त गर्न नियम ३ बमोजिम उद्योग दर्ताको लागि आवश्यक विवरण वा कागजात सहित अनुसूची–६ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय मार्फत बोर्ड समक्ष निवेदन दिनु पर्नेछ।

नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर बोर्डबाट अनुमति दिने निर्णय भएमा सोको लिखित जानकारी बोर्डको सचिवालयले उद्योग दर्ता गर्ने निकायलाई तुरुन्त पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम अनुमति दिने गरी भएको निर्णयको जानकारी प्राप्त गरेपछि उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ताको लागि नब्बे दिनभित्र निवेदन दिन निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम उद्योग दर्ताको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले सो अवधिभित्र उद्योग दर्ताको लागि निवेदन नदिएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

६. अवधि थपको लागि निवेदन दिन सक्नेः (१) कुनै उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकी त्यस्तो अवधि बढाउनु पर्ने भएमा त्यसरी अवधि बढाउनु पर्ने आधार र कारण सहित अनुसूची–७ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा उद्योग दर्ता गर्ने निकायले प्राप्त निवेदनको सम्बन्धमा निवेदकबाट थप कुनै विवरण, कागजात वा जानकारी माग गर्नु पर्ने देखेमा सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी माग गरी आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा त्यस्तो विवरण, कागजात वा जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र उद्योगको प्रकृति, उद्योग सञ्चालनका लागि हालसम्म भएको प्रगति, अवधि थप गर्नु पर्ने औचित्य समेतका आधारमा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिमा बढीमा एक वर्षको लागि त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप गर्न सक्नेछ।

७. <u>उद्योग स्थानान्तरणका लागि स्वीकृति लिनुपर्ने:</u> (१) कसैले आफूले सञ्चालन गरी आएको उद्योग सो स्थानबाट अन्यत्र स्थानान्तरण गर्न चाहेमा देहायका विवरण र कागजात सहित अनुसूची–८ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,

(ख) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ग) उद्योग स्थानान्तरण गर्ने गाउँपालिका वा नगरपालिकाको सिफारिस,

(घ) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(ङ) उद्योग सञ्चालन गर्दा ऐन वा प्रचलित कानून बमोजिम कुनै छुट, सुविधा वा सहुलियत प्राप्त गरेको भए त्यस्तो छुट सुविधा वा सहुलियत प्रदान गर्ने निकायको सहमति,

(च) अनुसूची–२ बमोजिमको अद्यावधिक परियोजनाको विवरण ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृती दिन मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले अवधि तोकी उद्योग स्थानान्तरण गर्दा सम्बन्धित उद्योगले पालना गर्नु पर्ने अन्य कुनै शर्त भए सो समेत उल्लेख गरी अनुसूची–९ बमोजिमको ढाँचामा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृती दिन मनासिब नदेखिएमा उद्योग दर्ता गर्ने निकायले सोको जानकारी सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्ने सुविधा प्राप्त उद्योग र विशेष आर्थिक क्षेत्रभित्र स्थापना भएको उद्योग स्थानान्तरणको लागि स्वीकृति प्रदान गरिने छैन।

नेपाल कानून आयोग

८. विवरण उपलब्ध गराउनु पर्ने: (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र देहायका विवरण वा कागजात उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ :-

(क) लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) स्वीकृत र जडित क्षमता,

(घ) अनुसूची–१० बमोजिमको ढाँचामा तयार गरेको अद्यावधिक विवरण ।

(२) उपनियम (१) बमोजिमको विवरण वा कागजात उद्योग दर्ता गर्ने निकायले निर्धारण गरेको तरिका अनुसार विद्युतीय माध्यमबाट पनि पेश गर्न सकिनेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम विवरण वा कागजात प्राप्त भएपछि उद्योग दर्ता गर्ने निकायले आफ्नो अभिलेख अद्यावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ।

९. उद्योग बन्द गरेको जानकारी दिनुपर्ने: कुनै उद्योगले आफूले सञ्चालन गरिआएको उद्योग बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा सोको जानकारी सातदिन भित्र अनुसूची–११ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायसमक्ष दिनु पर्नेछ।

१०. दर्ता खारेज गर्ने: (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भई उद्योगको दर्ता खारेज गर्नु पर्ने भएमा त्यस्तो उद्योगले देहायको विवरण र कागजात सहित अनुसूची–१२ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ :-

(क) मान्यता प्राप्त मूल्याङ्कनकर्ताबाट तयार गरिएको उद्योगको जायजेथाको मूल्याङ्कन प्रतिवेदन,

तर एक करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योगको हकमा उद्योगले पेश गरेको प्रतिवेदन पनि मान्य हुनेछ ।

(ख) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको विवरण,

(ग) उद्योगको अन्य दायित्व फरफारक प्रतिवेदन,

(घ) लिक्वीडेटर नियुक्त भएको भए त्यस्तो लिक्वीडेटरले पेश गरेको उद्योगको खारेजी सम्बन्धी प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(च) उद्योग दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(छ) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ज) उद्योगको विरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनी सम्बन्धित  उद्यमीले गरेको स्वःघोषणा ।

तर उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वको सम्बन्धमा कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन रहेकोमा त्यस्तो मुद्दाको अन्तिम किनारा हुँदाका बखत ठहर्न सक्ने दायित्व बराबरको रकम उद्योग दर्ता गर्ने निकायमा धरौटीको रूपमा जम्मा गरेको प्रमाण पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कसैको निवेदन परेमा उद्योग दर्ता गर्ने निकायले सो उद्योगसँग कसैको कुनै प्रकारको लेनदेन बाँकी भए पैंतीस दिनभित्र सोको प्रमाण सहितको लिखित दाबी उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्न सम्बन्धित उद्योगलाई आदेश दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्रकाशित सूचना अनुसार सो अवधिभित्र कसैको दाबी परी जाँचबुझ गर्दा त्यस्तो दाबी पूर्ण वा आंशिक रुपमा ठीक ठहरिएमा ठहरे बमोजिमको दायित्व फरफारख गर्न उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगलाई आदेश दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको आदेश अनुसार सम्बन्धित उद्योगले दायित्व फरफारख गरेको देखिएमा उद्योग दर्ता गर्ने निकायले सात दिनभित्र सो उद्योगको दर्ता खारेज गरी लगतकट्टा गर्नु पर्नेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको आदेश बमोजिम फरफारखको कार्य सम्पन्न नभएसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगत कट्टा हुने छैन।

११. <u>उद्योगको स्थिर पूँजी वा क्षमतामा परिवर्तन वा हेरफेर गर्न स्वीकृति लिनुपर्नेः</u> (१) कुनै उद्योगले ऐनको दफा १५ को उपदफा (३) बमोजिम उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर वा उद्योगको क्षमतामा परिर्वतन गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष देहायका विवरण वा कागजात सहित अनुसूची–१३ को ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ख) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(ग) अनुसूची–१० बमोजिमको उद्योगको अद्यावधिक विवरण,

(घ) उद्योगको प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) साझेदारी फर्म भए साझेदार बीचको सम्झौताको प्रतिलिपि,

(च) अन्य कुनै निकायको सिफारिस आवश्यक पर्ने भए त्यस्तो निकायको सिफारिस पत्र ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योगको साविकको स्थिर पूँजी परिवर्तन वा हेरफेर गर्न वा उद्योगको क्षमतामा परिवर्तन वा हेरफेर गर्न मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार उद्योगको स्थलगत निरीक्षण गरी वा गराई प्रतिवेदन लिई उद्योगको हाल कायम रहेको स्थिर पूँजीमा परिवर्तन वा हेरफेर वा उद्योगको क्षमतामा परिवर्तन वा हेरफेर गर्न स्वीकृति दिन सक्नेछ।

तर बोर्डको स्वीकृति लिई स्थापना भएका उद्योगको स्थिर पूँजी परिवर्तन वा हेरफेर गर्न वा उद्योगको क्षमतामा परिवर्तन वा हेरफेर गर्नु परेमा सो बोर्डको पूर्व स्वीकृति आवश्यक पर्नेछ।

१२. <u>बोर्डको अन्य काम र कर्तव्य:</u> ऐनको दफा १९ को उपदफा (१) मा उल्लेख गरिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त मुलुकको औद्योगिक विकासमा अभिवृद्धि गर्ने सम्बन्धमा नेपाल सरकारले समय समयमा दिएको निर्देशन पालना गर्नु बोर्डको कर्तव्य हुनेछ।

## परिच्छेद-३

## <u>छुट, सुविधा वा सहुलियत</u>

१३. <u>खर्च कट्टी गर्न सक्ने:</u> उद्योगले आफ्नो भौतिक सम्पत्तिको सुरक्षाको लागि खर्च गरेको रकममध्ये प्रचलित कानून बमोजिम नेपाल सरकारले तोकिदिएको हदसम्मको रकम आयकर प्रयोजनको लागि कट्टी गर्न सक्नेछ ।

१४. <u>महसुल फिर्ता (डयुटी ड्रब्याक) हुने:</u> (१) ऐनको दफा २३ को खण्ड (ख) बमोजिम कुनै उद्योगले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको समदर निर्धारण भएको आधारमा महसुल फिर्ता (डयूटी ड्रब्याक) को माग गरेमा उद्योग दर्ता गर्ने निकायले उद्योगले पेश गरेका विवरण र निकासी गरेको प्रमाणको आधारमा एकल बिन्दु सेवा केन्द्र मार्फत त्यस्तो महसुल फिर्ता दिइनेछ।

(२) उपनियम (१) बमोजिम उद्योगले महसुल फिर्ता (डयूटी ड्रब्याक) सुविधा माग गर्दा अनुसूची-१४ बमोजिमको ढाँचामा देहायको विवरण वा कागजात सहित आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र निवेदन दिनु पर्नेछ :-

(क) कच्चा पदार्थ आयात गरेको प्रज्ञापन पत्र,

(ख) उद्योगको कुल उत्पादनको विवरण,

(ग) निकासी प्रज्ञापन पत्रको सक्कल,

(घ) गत वर्षको वार्षिक प्रगति विवरण (एक आ.व. मा एक पटक मात्र),

(ङ) क्रेताको खरिद आदेश र सम्झौता,

(च) अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाणपत्र,

(छ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ज) विदेशी मुद्रा आर्जन गरेको बैङ्कले स्रोत खुलाई प्रमाणित गरेको सक्कल प्रति,

(झ) अन्तर्राष्ट्रिय बोलपत्र बिक्री बापतको महसुल फिर्ताको हकमा सोको विवरण ।

(३) उपनियम (२) बमोजिम प्राप्त निवेदनको सम्बन्धमा करचुक्ता लगायतका विषयहरु रूजु गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम आन्तरिक राजस्व कार्यालयमा पठाइएका कागजातहरूको सम्बन्धमा सो कार्यालयबाट विवरण रूजु भई आएपछि प्राप्त निवेदन उपर एकल बिन्दु सेवा केन्द्रले छ महिनाभित्र त्यस्तो महसुल फिर्ता सम्बन्धी कारबाही गरिसक्नु पर्नेछ।

१५. <u>धरौटी राखी सामान आयात गर्न पाउनेः</u> वण्डेड वेयर हाउसको इजाजत नलिएका उद्योगले आफ्नो उत्पादन प्रतीतपत्रको माध्यमबाट वा प्रचलित बैङ्किङ्ग प्रणालीको माध्यमबाट निर्यात वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ र नेपालमा उत्पादन नहुने सामग्री आयात गर्दा प्रचलित कानून बमोजिम लाग्ने महसुल प्रचलित कानून बमोजिम धरौटी राखी आयात गर्न सक्नेछ।

१६. <u>महिला उद्यमीको लागि थप सुविधाः</u> (१) महिला उद्यमीले कुनै औद्योगिक क्षेत्रभित्र उद्योग स्थापना गर्न चाहेमा त्यस्ता महिला उद्यमीलाई देहायको छुट वा सहुलियत सहित औद्योगिक क्षेत्रभित्र स्थान उपलब्ध गराइनेछ :-

(क) अन्य प्रतिस्पर्धी उद्योगले गर्ने लगानीभन्दा पच्चीस प्रतिशतसम्म कम रकम लगानी गर्ने भएमा,

(ख) औद्योगिक क्षेत्रभित्रको स्थान प्रयोग गरे बापत उद्योगले तिर्नु पर्ने भाडा वा बहाल प्रतिस्पर्धाबाट निर्धारण गरिने भएमा पन्ध्र प्रतिशतसम्म कम कबोल गरेको भएमा ।

(२) महिला उद्यमीको मात्र स्वामित्व रहेको उद्योगले आफ्नो उत्पादन निर्यात गर्ने प्रयोजनका लागि कर्जा आवश्यक परेमा उद्योग दर्ता गर्ने निकाय मार्फत सो निकायको सिफारिस सहित मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै उद्योगबाट कर्जाको लागि प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा आवश्यक धितो वा जमानत लिई मन्त्रालयले तोकेको सीमासम्मको रकम ऐनको दफा ४७ को उपदफा (१) को खण्ड (च) बमोजिमको कोषबाट निर्यात कर्जा स्वरुप उपलब्ध गराउन सकिनेछ।

१७. <u>डिमाण्ड चार्ज छुट सम्बन्धी व्यवस्थाः</u> (१) कुनै उद्योगले विद्युत आपूर्ति नभएको समयको अनुपातमा डिमाण्ड चार्ज छुटको सुविधा लिन चाहेमा त्यस्तो उद्योगले उद्योग सञ्चालन भएको एक वर्ष पूरा भएपछि सो उद्योगमा विद्युत आपूर्ति गर्ने निकायको सिफारिस सहित उद्योग दर्ता गर्ने निकाय मार्फत एकल बिन्दु सेवा केन्द्रमा निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा डिमाण्ड चार्जमा छुट दिने आधार र कारण मनासिब देखिएमा एकल बिन्दु सेवा केन्द्रले निवेदन माग दाबी अनुसार डिमाण्ड चार्जमा छुट दिन मन्त्रालय मार्फत पन्ध्र दिनभित्र नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सिफारिस सहितको निवेदन प्राप्त भएपछि मन्त्रालयले देहायको आधारमा ऐनको दफा २७ को खण्ड (च) बमोजिम विद्युत आपूर्ति नभएको समयको अनुपातमा डिमाण्ड चार्ज छुट दिन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ :-

(क) उद्योगको जडित विद्युत क्षमता,

(ख) विद्युत आपूर्ति नभएबाट उद्योगलाई पर्न गएको हानि नोक्सानी,

(ग) उद्योगको विद्युत महसुल बक्यौताको स्थिति,

(घ) विद्युत आपूर्ति गर्ने निकायको सिफारिस ।

(४) नेपाल सरकारले उपनियम (३) बमोजिम मन्त्रालयको सिफारिसको आधारमा विद्युत आपूर्ति नभएको समयको अनुपातमा डिमाण्ड चार्ज उद्योगले तिर्नु पर्ने विद्युत महसुलबाट हिसाब मिलान गर्ने गरी छुट दिन सिफारिस गर्न सक्नेछ।

१८. <u>आयात अनुमति प्रदान गर्न सक्नेः</u> (१) विदेशी लगानीमा स्थापित उद्योगले नयाँ वस्तुको उत्पादन तथा बजार विकास र प्रवर्द्धन गर्नको लागि विदेशस्थित मूल कम्पनीबाट उत्पादित सामान आयात गर्नु परेमा त्यस्तो सामानको विवरण, परिमाण र आयात गर्ने अवधि समेत उल्लेख गरी उद्योग दर्ता गर्ने निकायसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा उद्योग दर्ता गर्ने निकायले देहायको आधारमा निश्चित परिमाण र अवधिसम्मका लागि विदेशस्थित मूल कम्पनीबाट त्यस्तो सामान आयात गर्ने अनुमतिको लागि एकल बिन्दु सेवा केन्द्र समक्ष सिफारिस गर्न सक्नेछ :-

(क) आयात गर्ने सामानको प्रकृति, परिमाण र समयावधि,

(ख) आयात हुने सामानबाट नयाँ वस्तुको उत्पादन तथा बजार विकास र प्रवर्द्धन गर्नको लागि पुग्ने योगदान ।

(३) उपनियम (२) बमोजिम सिफारिस प्राप्त भएमा एकल बिन्दु सेवा केन्द्रले आवश्यक जाँचबुझ गरी आयात गर्ने सामानको प्रकृति र परिमाण खुलाई बढीमा एक वर्षको

लागि देहायका शर्तमा विदेशस्थित मूल कम्पनीबाट सामान आयात गर्ने स्वीकृति दिन सक्नेछ :-

(क) आयात गरेको सामानको आयात तथा बिक्री वितरण सम्बन्धी विवरण उद्योग दर्ता गर्ने निकायमा मासिक रुपमा पेश गर्नु पर्ने,

(ख) आयात हुने सामान नेपाली बजारमा अन्य कुनै व्यक्ति, फर्म, कम्पनी मार्फत आयात भई बिक्री वितरण नभएको हुनुपर्ने,

(ग) आयात गरिएको सामान व्यावसायिक रुपमा बजारमा बिक्री गर्न नपाइने ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको अनुसूची-१ मा उल्लिखित उद्योगहरुबाट उत्पादित हुने सामानहरु आयात गर्न अनुमति प्रदान गरिने छैन।

१९. <u>सहजीकरण गर्न सक्ने</u>: (१) देहायका उद्योगले आफूलाई आवश्यक पर्ने जग्गा आफैंले खरिद गर्न नसकेमा त्यस्तो जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराइदिन उद्योग दर्ता गर्ने निकाय समक्ष लिखित रुपमा अनुरोध गर्न सक्नेछन् :-

(क) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग,

(ख) आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत उत्पादन विदेशमा निर्यात गर्ने उद्योग,

(ग) अति अविकसित क्षेत्र, अविकसित क्षेत्र र कम विकसित क्षेत्रमा स्थापना हुने मझौला र ठूला उद्योग,

(घ) कम्तीमा पाँच सय जना व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उद्योग,

(ङ) स्थिर पूँजीमा रु दश अर्ब रूपैयाँ भन्दा बढी लगानी गर्ने उद्योग,

(च) कम्तीमा पचास प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित वा आयातित कच्चा पदार्थ भए कम्तीमा पचास प्रतिशत मूल्य अभिवृद्धि हुने मझौला र ठूला उद्योग ।

नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा उद्योग दर्ता गर्ने निकायले जग्गा प्राप्तिका लागि सम्बन्धित निकाय बीच समन्वय र सहजीकरण गर्नको लागि कर्मचारी खटाई आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

२०. <u>लिजमा जग्गा उपलब्ध गराउने:</u> (१) राष्ट्रिय प्राथमिकता प्राप्त कुनै उद्योग सञ्चालन गर्न नेपाल सरकारको स्वामित्वमा रहेको सरकारी जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित उद्योगले देहायका विवरण र कागजात सहित उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची-१५ को ढाँचामा निवदेन दिन सक्नेछ :-

(क) उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) अनुसूची-२ बमोजिमको उद्योगको परियोजनाको विवरण,

(ग) उद्योगका लागि आवश्यक पर्ने जग्गाको क्षेत्रफल र स्थान,

(घ) अन्य कुनै निकायबाट अनुमति आवश्यक पर्ने भए सो अनुमति पत्र,

(ङ) उद्योगले जग्गा लिजमा लिनु पर्ने कारणहरु,

(च) सम्बन्धित स्थानीय तहको सिफारिस ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार त्यस्तो जग्गाको स्थलगत निरीक्षण समेत गरी यकिन राय सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२१. <u>सुरक्षा प्रदान गर्ने:</u> (१) नेपाल सरकारले औद्योगिक प्रतिष्ठानहरुमा शान्ति, सुरक्षा कायम गर्न प्रत्येक औद्योगिक क्षेत्रमा आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी खटाउने व्यवस्था मिलाउनेछ।

(२) कुनै उद्योगले सुरक्षाका कारण उद्योग सञ्चालन गर्न कठिनाई परेको भनी सुरक्षा माग गरेमा नेपाल सरकारले त्यस्तो उद्योग वा त्यस्तो उद्योग रहेको औद्योगिक क्षेत्रमा आवश्यकता अनुसार थप सुरक्षाकर्मी खटाउन सक्नेछ।

नेपाल कानून आयोग

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले सम्बन्धित उद्योगहरुको अनुरोधमा देहायको प्रयोजनको लागि छुट्टै सुरक्षा व्यवस्था मिलाउन सक्नेछ :-

(क) औद्योगिक मेला, प्रदर्शनी तथा अन्य औद्योगिक समारोह आयोजना गर्न,

(ख) उद्योगमा भएको बन्द, हड्तालको समयमा हुन सक्ने आगजनी, तोडफोड तथा लुटपाट नियन्त्रण गर्न ,

(ग) उद्योग, प्रतिष्ठान रहेको इलाकामा हुनसक्ने सम्भावित सुरक्षा चुनौतीको सामना गर्न ।

(४) दुई अर्ब रूपैयाँ भन्दा बढी लगानी भएका वा एक सय जनाभन्दा बढी व्यक्तिलाई रोजगारी दिने उद्योगले सुरक्षा जनशक्तिको लागत खर्च आफैंले व्यहोर्ने गरी अफ्नो उद्योगको सुरक्षाको लागि छुट्टै सुरक्षाकर्मी उपलब्ध गराउन सम्बन्धित जिल्ला सुरक्षा समितिमार्फत नेपाल सरकारसँग अनुरोध गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम छुट्टै सुरक्षाकर्मीको व्यवस्थाको लागि अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक शर्त तथा मापदण्ड तोकी सम्बन्धित जिल्ला सुरक्षा समितिको सिफारिसमा त्यस्तो उद्योगलाई आवश्यक सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद-४

## एकल बिन्दु सेवा केन्द्र

२२. एकल बिन्दु सेवा केन्द्रः (१) प्रदेशमा दर्ता भएका वा दर्ता हुने लघु उद्यम, घरेलु उद्योग र साना उद्योगले ऐन तथा यस नियमावली बमोजिम प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत प्रदेशस्तरबाट नै प्रदान गर्नको लागि सम्बन्धित प्रदेशले आवश्यकता अनुसार एकल बिन्दु सेवा केन्द्र स्थापना गर्न सक्नेछ।

(२) गाउँपालिका वा नगरपालिकामा दर्ता भएका वा दर्ता हुने लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगले ऐन तथा यस नियमावली बमोजिम प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत स्थानीयस्तरबाट नै प्रदान गर्नको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुखको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहने गरी एकल बिन्दु सेवा केन्द्र स्थापना गर्न सक्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम गठन हुने एकल बिन्दु सेवा केन्द्रको लागि आवश्यक पर्ने जनशक्ति सम्बन्धित प्रदेश, गाउँपालिका वा नगरपालिकाले व्यवस्था गर्नु पर्नेछ।

२३. निर्देशन पालना गर्नु पर्नेः (१) मन्त्रालयले ऐन तथा यस नियमावली बमोजिम एकल बिन्दु सेवा सञ्चालन समितिले गर्नु पर्ने काम कारबाहीका सम्बन्धमा सो समितिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र मन्त्रालयले दिएको निर्देशन पालना गर्नु एकल बिन्दु सेवा सञ्चालन समितिको कर्तव्य हुनेछ।

(२) एकल बिन्दु सेवा सञ्चालन समितिले आफूले वर्षभरिमा गरेका काम कारबाहीको सम्बन्धमा प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद-५

## रुग्ण उद्योग

२४. रुग्ण उद्योग पहिचानका मापदण्डः नेपाल सरकारले देहायको कुनै आधारमा विद्यमान रहेको उद्योगलाई रुग्ण उद्योगको रुपमा पहिचान गर्न सक्नेछ :-

(क) ऋणको साँवा व्याज तिर्न नसकेको,

(ख) पूँजीको अनुपातमा ऋणको मात्रा अस्वाभाविक रुपमा बढी भएको,

(ग) नेपाल धितोपत्र बोर्डमा सूचीकृत भएका उद्योगहरुको हकमा अङ्कित मूल्यभन्दा बजार मूल्य कम भएको,

(घ) पछिल्लो तीन वर्ष पारबिन्दु (ब्रेक इभन पोइन्ट) भन्दा तल्लो अवस्थामा उत्पादन भएको,

(ङ) प्राकृतिक प्रकोप वा अन्य काबु बाहिरको अवस्थाले उद्योग सञ्चालन हुन नसक्ने,

(च) अन्तर्राष्ट्रिय औद्योगिक वा वाणिज्य सम्बन्धी नीतिगत व्यवस्थामा परिवर्तन भई उद्योगको उत्पादनले अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न नसकेको।

२५. रुग्ण उद्योगको पहिचान गर्ने तरिकाः (१) व्यवसायिक उत्पादन वा कारोबार सञ्चालन गरेको मिति देखि कम्तीमा पाँचवर्ष निरन्तर रुपमा सञ्चालनमा रही नियम २४ मा उल्लिखित कुनै अवस्थामा रहेको उद्योगले आफ्नो उद्योगलाई रुग्ण उद्योगको रुपमा पहिचान गराउन चाहेमा नियम २८ बमोजिम गठित उच्चस्तरीय निकायले तोकेको समयावधिभित्र सो समितिसमक्ष अनुसूची—१६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन साथ उद्योगले सो उद्योगको सञ्चालनको लागि थप स्वःपूँजी लगानी सम्बन्धी व्यावसायिक योजना पेश गरेको हुनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर उच्चस्तरीय निकाय आफैंले वा सम्बन्धित विषयका विज्ञ समेत रहेको एक जाँचबुझ टोली गठन गरी सो टोली मार्फत सम्बन्धित उद्योगले पेश गरेको विवरण वा कागजात तथा स्थलगत अनुगमन समेतको आधारमा जाँचबुझ गराई प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदन र उपनियम (२) बमोजिम उद्योगले पेश गरेको व्यावसायिक योजना समेतका आधारमा उच्चस्तरीय निकायले सम्बन्धित रुग्ण उद्योगलाई रुग्ण उद्योगको रुपमा पहिचान गर्न मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त सिफारिस अनुसार कुनै उद्योगलाई रुग्ण उद्योगको रुपमा पहिचान गर्न मनासिब देखिएमा मन्त्रालयले अर्थ मन्त्रालय समेतको सहमति लिई त्यस्तो उद्योगलाई रुग्ण उद्योगको रुपमा पहिचान गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम रुग्ण उद्योगको रुपमा पहिचानको लागि सिफारिस गरिएको कुनै उद्योगलाई निश्चित अवधिको लागि आयकर, अन्तःशुल्क, निकासी तथा पैठारी करमा छुट, सहुलियत दरमा ऋण सुविधा तथा व्याज तथा हर्जानामा छुट वा अन्य सुविधा वा सहुलियत दिँदा त्यस्तो उद्योग सञ्चालनमा आउन सक्ने सम्भावना देखिएमा नेपाल सरकारले त्यस्तो उद्योगले पाउने छुट, सुविधा तथा सहुलियत निर्धारण गरी उद्योग सञ्चालन गर्न, लगानीको लागि थप पूँजीको व्यवस्था गर्न, उद्योगको व्यवस्थापनमा परिवर्तन गर्न वा नेपाल सरकारले आवश्यक ठानेको अन्य कुनै उपाय अवलम्बन गरी उद्योग सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

२६. <u>रुग्ण उद्योगको वर्गीकरणः</u> (१) देहायको अवस्थामा रहेका उद्योगलाई पूर्ण रुग्ण उद्योग मानिनेछ :-

(क) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक पछिल्ला तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) सत्तरी प्रतिशतभन्दा बढीले कमी भएको,

(ख) पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको बीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(ग) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक अन्य कुनै कारणले पछिल्ला तीन वर्षसम्म उद्योग पूर्ण रुपमा बन्द रहेको,

(घ) ऐन तथा यस नियमावली बमोजिम नेपाल सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिँदा बढीमा पाँच बर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको ।

(२) देहायको अवस्थामा रहेका उद्योगलाई रुग्ण उद्योग मानिनेछ :-

(क) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक पछिल्ला तीन वर्षदेखि लगातार घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) पचास प्रतिशतभन्दा बढीले कमी भएको,

(ख) पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको पच्चीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(ग) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक अन्य कुनै कारणले पछिल्ला दुई वर्षसम्म उद्योग पूर्ण रुपमा बन्द रहेको,

(घ) ऐन तथा यस नियमावली बमोजिम नेपाल सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिँदा बढीमा तीन बर्ष भित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको ।

(३) देहायको अवस्थामा रहेका उद्योगलाई रुग्णउन्मुख उद्योग मानिनेछ :-

(क) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक पछिल्ला तीन वर्षदेखि घाटामा सञ्चालन भई उद्योगको पूँजी (इक्विटी) तीस प्रतिशतभन्दा बढीले कमी भएको,

(ख) पछिल्ला तीन वर्षसम्म लगातार जडित क्षमताको तीस प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा रहेको,

(ग) नियतवश वा व्यवस्थापकीय कमजोरीको कारण बाहेक अन्य कुनै कारणले पछिल्लो एक वर्ष देखि उद्योग पूर्ण रुपमा बन्द रहेको,

(घ) ऐन तथा यस नियमावली बमोजिम नेपाल सरकारले कुनै छुट, सुविधा वा सहुलियत दिँदा बढीमा दुई वर्षभित्रमा नाफामा सञ्चालन हुन सक्ने देखिएको ।

(४) यस नियम बमोजिम रुग्ण उद्योगको वर्गीकरण गर्दा उद्योगको व्यावसायिक योजना वा कार्ययोजना, उद्योगले विगतमा गरेको उत्पादन एवं उद्योगको लेखापरीक्षण प्रतिवेदन समेतलाई आधार लिनु पर्नेछ।

२७. रुग्ण उद्योगले पाउने अन्य छुट, सुविधा वा सहुलियतः (१) नेपाल सरकारले रुग्ण उद्योगको पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि ऐनको दफा ३९ को उपदफा (१) मा उल्लेख गरिए देखि बाहेक देहाय बमोजिमका छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन वा सोको लागि आवश्यक सिफारिस गर्न सक्नेछ :-

(क) साविकको कर्जालाई सहुलियत कर्जा (सफ्ट लोन) मा रुपान्तरण गर्न सम्बन्धित वित्तीय संस्थालाई सिफारिस गर्ने,

(ख) साविकको कर्जाको व्याज तथा हर्जाना छुट दिन सम्बन्धित वित्तीय संस्थालाई सिफारिस गर्ने,

(ग) उद्योग सञ्चालनका लागि बैङ्क तथा वित्तीय संस्थाबाट सहुलियत व्याजदरमा थप कर्जा उपलब्ध गराउन सम्बन्धित वित्तीय संस्थालाई सिफारिस गर्ने,

(घ) उद्योगलाई आवश्यक पर्ने मेशिनरी औजार वा उपकरण वा कच्चा पदार्थको आंशिक वा पूरै आयातमा वा उत्पादित सामान निर्यात वा बिक्रीमा लाग्ने महसुल, शुल्क वा करमा पूर्ण वा आंशिक छुट वा सहुलियत दिने,

(ङ) ऋण तिर्न नसकी कालो सूचीमा परेका उद्योगलाई ऋण तिर्ने अवधि थपिदिन सम्बन्धित वित्तीय संस्थालाई सिफारिस गर्ने,

(च) प्रचलित कानून बमोजिम लाग्ने कर, शुल्क वा जरिबानामा निश्चित अवधिसम्म आंशिक वा पूरै छुट दिने ।

(२) उपनियम (१) बमोजिम उद्योगलाई छुट, सुविधा वा सहुलियत उपलब्ध गराउँदा रुग्ण उद्योगहरुको वर्गीकरणका आधारमा छुट, सुविधा वा सहुलियतको मात्रामा फरक फरक हुने गरी त्यस्तो छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन वा सोको लागी सम्बन्धित वित्तीय संस्थालाई सिफारिस गर्न सकिनेछ।

२८. <u>उच्चस्तरीय निकायको गठनः</u> (१) रुग्ण उद्योगको पहिचान, वर्गीकरण र पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि नेपाल सरकारलाई सुझाव दिन नेपाल सरकारले कम्तीमा राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको पदमा कार्यरत वा कार्य गरेको कुनै विज्ञको संयोजकत्वमा नेपाल सरकारको प्रथम श्रेणी वा सो सरहका पदाधिकारी र उद्योग, वाणिज्य, बैङ्किङ्ग वा आर्थिक क्षेत्रका विज्ञहरु समेत समावेश गरी बढीमा पाँच सदस्यीय एक उच्चस्तरीय निकायको गठन गर्न सक्नेछ ।

(२) उच्चस्तरीय निकायको बैठक सो निकायको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) उपनियम (१) बमोजिमको निकायले कार्य सम्पादन गर्दा आवश्यकता अनुसार अन्य निकायका प्रतिनिधि वा विज्ञलाई बैठकमा आमन्त्रण गरी राय परामर्श लिन सक्नेछ।

(४) उच्चस्तरीय निकायको बैठक सम्बन्धी अन्य कार्यविधि सो निकाय आफैंले निर्धारण गर्न सक्नेछ।

(५) उच्चस्तरीय निकायको लागि आवश्यक पर्ने सेवा, सुविधा मन्त्रालयले उपलब्ध गराउनेछ ।

(६) उच्चस्तरीय निकायको सचिवालयको काम मन्त्रालयको औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखाले गर्नेछ।

२९. <u>उच्चस्तरीय निकायको काम, कर्तव्य र अधिकारः</u> ऐनको दफा ४० मा लेखिएका अतिरिक्त नियम २८ बमोजिम गठित उच्चस्तरीय निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) रुग्ण उद्योगको पहिचान गर्न त्यस्तो उद्योगको भौतिक एवं वित्तीय अवस्थाको बारेमा विश्लेषण गर्ने,

(ख) उद्योगको वास्तविक स्थितिको पहिचान गर्न उद्योगको स्थलगत अध्ययन गर्ने,

(ग) रुग्ण उद्योगको पहिचान, वर्गीकरण, पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापनका लागि नेपाल सरकारले अवलम्बन गर्नु पर्ने उपायका सम्बन्धमा प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्ने ।

## परिच्छेद-६

## जिल्ला उद्योग प्रबर्द्धन समिति

३०. <u>जिल्ला उद्योग प्रबर्द्धन समितिः</u> (१) लघु उद्यम, घरेलु उद्योग तथा साना उद्योगको प्रबर्द्धन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन नेपाल सरकारले आवश्यकता अनुसार देहाय बमोजिमको जिल्ला उद्योग प्रबर्द्धन समिति गठन गर्न सक्नेछ :-

(क) प्रमुख, जिल्ला समन्वय समिति -अध्यक्ष

(ख) सहायक प्रमुख जिल्ला अधिकारी -सदस्य

(ग) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय -सदस्य

(घ) प्रतिनिधि, जिल्लास्थित निजी क्षेत्रका उद्योगसँग सम्बद्ध छाता सङ्गठनका अध्यक्षहरु मध्येबाट अध्यक्षले मनोनयन गरेको बढीमा दुई जना -सदस्य

(ङ) स्थानीय स्तरमा रहेका वाणिज्य बैङ्कहरुको तर्फबाट अध्यक्षले

मनोनयन गरेको बैङ्कको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(च) प्रमुख, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिम गठित समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञ, सरोकारवाला निकाय एवं सम्बद्ध उद्योग व्यवसायी सङ्घ संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम गठित समितिको सचिवालयको काम सम्बन्धित जिल्ला घरेलु तथा साना उद्योग कार्यालयले गर्नेछ।

३१. जिल्ला उद्योग प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकारः (१) नियम ३० बमोजिम गठन भएको जिल्ला उद्योग प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लाको औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धमा देखा परेका समस्या समाधानका लागि आवश्यक पहल गर्ने,

(ख) जिल्लामा रहेका उद्योग सञ्चालनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) औद्योगिक प्रदूषण न्यूनीकरणका लागि आवश्यक पहल गर्ने,

(घ) जिल्लाको औद्योगिक विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न जिल्ला समन्वय समिति समक्ष सुझाव तथा सिफारिस गर्ने,

(ङ) प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरणका लागि आवश्यक पहल गर्ने,

नेपाल कानून आयोग

(च) उद्योगीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(छ) जिल्लाको एकीकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सुझाव दिने,

(ज) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा जिल्लामा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक कार्य गर्ने वा गराउने,

(झ) जिल्लामा औद्योगीकरणको गतिलाई तीव्रता दिन औद्योगिक पूर्वाधारको लागि आवश्यक कार्य गर्ने वा गराउने,

(ञ) औद्योगिक ग्राम स्थापना गर्न सहजीकरण गर्ने,

(ट) उद्योग तथा लगानी प्रवर्द्धन सम्बन्धी स्थानीय तहमा कार्यान्वयन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि आवश्यक सहयोग गर्ने,

(ठ) स्वदेशी वस्तुको प्रबर्द्धन सम्बन्धी कार्य गर्ने,

(ड) उद्योग क्षेत्रको विकास र प्रबर्द्धन लागि अन्य आवश्यक कार्य गर्ने,

(ढ) उद्योग प्रबर्द्धनको लागि सम्बन्धित प्रदेश मन्त्रालय र सङ्घीय मन्त्रालयमा आवश्यक पृष्ठपोषण दिने ।

(२) उपनियम (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ।

## परिच्छेद-७

## कोष सम्बन्धी व्यवस्था

३२. कोषको सञ्चालनः (१) ऐनको दफा ४७ बमोजिमका कोषको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सहसचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(घ) महानिर्देशक, उद्योग विभाग -सदस्य

(ङ) महानिर्देशक, सहकारी विभाग -सदस्य

(च) निर्देशक (सम्बन्धित विषय हेर्ने), नेपाल राष्ट्र बैङ्क -सदस्य

(छ) सह सचिव, औद्योगिक तथा लगानी प्रबर्द्धन महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिले बैठकमा नेपाल सरकारका कुनै अधिकृत कर्मचारी, उद्योग, वाणिज्य तथा आपूर्तिसँग सम्बन्धित कुनै संस्थाको प्रतिनिधि वा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गर्न सक्नेछ।

३३. <u>कोषमा जम्मा हुने रकम:</u> (१) कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने द्विपक्षीय वा बहुपक्षीय अनुदान रकम,

(ग) नियम ३७ को उपनियम (३) बमोजिम प्राप्त रकम,

(घ) स्वदेशी सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त रकम।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्नु अघि कोषले नेपाल सरकार, अर्थ मन्त्रालयको अनुमति लिनु पर्नेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुँदाका बखत कायम रहेका ऐनको दफा ४७ को उपदफा (३) बमोजिमका देहायका

कोषमा रहेको रकम र त्यस्ता कोषबाट भएको लगानी फिर्ता तथा लगानीबाट प्राप्त प्रतिफलको सम्बन्धमा देहाय बमोजिम हुनेछ :-

(क) लघु, घरेलु तथा साना उद्यम विकास कोष र लघु, घरेलु तथा साना उद्योग कर्जा प्रवाह कोषमा रहेको रकम सोही दफाको उपदफा (१) को खण्ड (क) बमोजिमको कोषमा सर्ने,

(ख) प्रविधि विकास कोषको रकम सोही दफाको उपदफा (१) को खण्ड (ग) बमोजिमको कोषमा सर्ने,

(ग) महिला उद्यमशीलता विकास कोषको रकम सोही दफाको उपदफा (१) को खण्ड (च) बमोजिमको कोषमा सर्ने ।

३४. कोषको प्रयोगः (१) मन्त्रालयले कोषमा रहेको रकम देहायका कार्यक्रम सञ्चालनको लागि खर्च गर्न सक्नेछ :-

(क) लघु, घरेलु तथा साना उद्योग सम्बन्धी कार्यक्रम,

(ख) प्रविधि विकास सम्बन्धी कार्यक्रम,

(ग) औद्योगिक लगानी संरक्षण तथा प्रबर्द्धन सम्बन्धी कार्यक्रम,

(घ) रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम,

(ङ) महिला उद्यमशीलता विकास सम्बन्धी कार्यक्रम ।

(२) उपनियम (१) बमोजिमका कार्यक्रममा कोषको रकम खर्च गर्दा मन्त्रालयबाट स्वीकृत आन्तरिक कार्य सञ्चालन कार्यविधि बमोजिम खर्च गर्नु पर्नेछ।

(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट स्वीकृत वार्षिक कार्यक्रममा नपरेका कार्यक्रममा कोषको रकम खर्च गर्न पाईने छैन।

३५. कोषको लेखा तथा लेखापरीक्षणः (१) कोषको खाता सञ्चालन मन्त्रालयले तोकेको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(२) कोषको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) मन्त्रालयले कोषबाट वर्षभरिमा भए गरेका काम कारबाही विवरण समावेश गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

## परिच्छेद-८

## विविध

३६. करार गरी उत्पादन गर्न सक्नेः (१) प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालित देहायको मापदण्ड पूरा गरी करार वा उपकरारको आधार वस्तु वा सेवा उत्पादन गर्ने निर्यातमूलक उद्योगलाई नेपाल सरकारले देहाय बमोजिमको छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सक्नेछ :-

(क) करार वा उपकरारको आधारमा वस्तु वा सेवा उत्पादन गर्नको लागि पूरा गर्नु पर्ने मापदण्ड :-

(१) उद्योग दर्ता गर्ने निकायले तोकेबमोजिम निश्चित परिमाणमा वस्तु वा सेवा उत्पादन गरेको,

(२) स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरेको वा आयातित कच्चा पदार्थ भए कम्तीमा तीस प्रतिशत मूल्य वृद्धि हुने गरी वस्तु वा सेवा उत्पादन गरेको,

(३) उद्योगले आफ्नो उत्पादनको कम्तीमा चालीस प्रतिशत उत्पादन निर्यात प्रयोजनको लागि निर्यातमूलक उद्योग वा निर्यात प्रबर्द्धन गृहलाई उपलब्ध गराएको,

(४) दर्ता भएको ट्रेडमार्क प्रयोग गरेको ।

(ख) खण्ड (क) बमोजिमको मापदण्ड पूरा गरेका निर्यातमूलक उद्योगले पाउन सक्ने छुट, सुविधा वा सहुलियत :-

(१) निर्यातको परिमाणको आधारमा निर्यातमा नगद प्रोत्साहन,

(२) सहुलियत दरमा निर्यात कर्जा,

(३) महसुल फिर्ता सुविधा (ड्युटी ड्रब्याक),

(४) ऋण लगानीमा प्राथमिकता,

(५) नेपाल सरकारले समय समयमा तोके बमोजिम कर, महसुल, शुल्क तथा कच्चा पदार्थ आयातमा सहुलियत ।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम छुट, सुविधा वा सहुलियत त्यस्तो उद्योगले निर्यात गरेको परिमाणको आधारमा उपलब्ध गराइनेछ।

३७. <u>व्यावसायिक सामाजिक जिम्मेवारीः</u> (१) मझौला वा ठूला उद्योगले ऐनको दफा ४८ को उपदफा (१) बमोजिम छुट्याएको रकम देहायको कुनै कार्य वा क्षेत्रमा खर्च गर्नु पर्नेछ :-

(क) प्राकृतिक प्रकोप (बाढी, पहिरो, भूकम्प, आगलागी) रोकथाम तथा उद्धार सम्बन्धी कार्य,

(ख) सामुदायिक स्वास्थ्य संस्थालाई औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरण वितरण, स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, स्वास्थ्य शिविर सञ्चालन लगायतका स्वास्थ्य सम्बन्धी कार्य,

(ग) नेपाली कला, संस्कृति, पुरातात्विक धरोहरको संरक्षण तथा सम्बर्द्धन,

(घ) न्यून आय भएका, पिछडिएका, ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक, सिमान्तकृत समुदायका लागि सीपमुलक र आयमूलक कार्यक्रम,

(ङ) सामुदायिक विद्यालय तथा विश्वविद्यालयहरूका लागि छात्रवृत्ति, शैक्षिक उपकरणहरू तथा सामग्रीहरू वितरण लगायत शैक्षिक विकास सम्बन्धी कार्य,

(च) प्रदुषण नियन्त्रण, फोहर मैला व्यवस्थापन, वृक्षारोपण, पानीको मुहान संरक्षण, वैकल्पिक ऊर्जाको प्रबर्द्धन लगायत वातावरण संरक्षण,

(छ) धुम्रपान, मद्यपान, सामाजिक विकृति विसङ्गति विरुद्धका अभियान तथा सन्देशमूलक वृत्तचित्र निर्माण तथा प्रसारण,

(ज) ग्रामीण खानेपानी आयोजना निर्माण, सडक, ढल, पाटी पौवा, वृद्धाश्रम, खेल मैदान, धार्मिक स्थल, सामुदायिक स्वास्थ्य भवन, सामुदायिक भवन आदि निर्माण तथा मर्मत सम्भार, अनाथ आश्रम निर्माण, पार्क निर्माण, ध्यानयोग केन्द्र निर्माण, बसपार्क तथा बस बिसौनी निर्माण जस्ता सार्वजनिक हितका लागि प्रयोग हुने भौतिक पूर्वाधार ।

(२) उपनियम (१) बमोजिम उद्योगले सामाजिक व्यावसायिक जिम्मेवारीका लागि छुट्याएको वार्षिक रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गर्नु पर्नेछ।

(३) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्नको लागि छुट्याइएको रकममध्ये बढीमा दश प्रतिशत रकम सम्बन्धित शीर्षकबाट कट्टा गर्न पाउने गरी उद्योग दर्ता गर्ने निकायले तोकेको नियम बमोजिमको कुनै कोषमा जम्मा गर्न सक्नेछ।

(४) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी निर्वाह गर्दा स्थानीय तहको समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

(५) उद्योगले व्यावसायिक सामाजिक जिम्मेबारीका लागि छुट्याएको रकमबाट आफ्नो उद्योगलाई प्रत्यक्ष मुनाफा हुने गरी खर्च गर्न वा कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

३८. <u>औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक क्लष्टर घोषणा गर्न सक्नेः</u> (१) नेपाल सरकारले अनुसूची-१७ मा उल्लिखित मापदण्डको अधीनमा रही देशको कुनै भाग वा स्थानलाई औद्योगिक करिडोर, औद्योगिक ग्राम वा औद्योगिक क्लष्टर घोषणा गर्न सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले ऐनको दफा ४९ बमोजिम औद्योगिक करिडोर, औद्योगिक ग्राम वा औद्योगिक क्लष्टर घोषणा गर्दा एउटै वा फरक फरक मापदण्ड निर्धारण गर्न सक्नेछ।

(३) नेपाल सरकारले उपनियम (१) बमोजिम घोषणा गरेका औद्योगिक करिडोर, औद्योगिक ग्राम वा औद्योगिक क्लष्टरलाई प्रदान गर्ने सेवा, सुविधा तथा सहुलियत त्यस्तो औद्योगिक करिडोर, औद्योगिक ग्राम वा औद्योगिक क्लष्टर घोषणा गर्दाका बखत नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले उपनियम (३) बमोजिम उपलब्ध गराएको सेवा, सुविधा तथा सहुलियतमा समय समयमा हेरफेर गर्न सक्नेछ।

३९. <u>एकल बिन्दु सेवा केन्द्रको काम गर्नेः</u> यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि  नेपाल सरकारले ऐनको दफा ३५ बमोजिम एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा नल्याएसम्मको लागि सो केन्द्रले ऐन तथा यस नियमावली बमोजिम गर्नु पर्ने काम कारबाही ऐनको दफा ३५ को उपदफा (३) बमोजिमको एकल बिन्दु सेवा सञ्चालन समितिले गर्नेछ।

४०. <u>क्षतिपूर्ति दिनु पर्नेः</u> (१) ऐनको दफा ५० को उपदफा (१) बमोजिम आफ्नो निजी जग्गामा भवन बनाउन वा बस्ती बसाउन नपाएको कारणबाट मर्का पर्ने पक्षलाई नेपाल सरकारले अवधि तोकी त्यस्तो भवन वा जग्गा बापत क्षतिपूर्तिको लागि निवेदन दिन कम्तीमा पैतींस दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रकाशित सावर्जनिक सूचना अनुसार कसैको निवेदन परेमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी क्षतिको यकीन गरी प्रतिवेदन पेश गर्न मन्त्रालयको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतको संयोजकत्वमा मन्त्रालयको प्राविधिक अधिकृत, सम्बन्धित औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक करिडोरको प्रतिनिधि, सम्बन्धित स्थानीय तहको प्रतिनिधि, जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, जिल्ला उद्योग बाणिज्य सङ्घका प्रतिनिधि समेत रहेको एक क्षति मूल्याङ्कन समिति गठन गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम गठित समितिले दिएको प्रतिवेदनको आधारमा नेपाल सरकारले ऐनको दफा ५० को उपदफा (२) बमोजिम हानि नोक्सानी व्यहोर्नु परेका पक्षलाई प्रचलित कानूनको अधीनमा रही चलनचल्तीको मूल्य बराबरको रकम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको क्षतिपूर्ति सम्बन्धित स्थानीय तह वा स्थानीय एकल बिन्दु सेवा केन्द्र मार्फत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

४१. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने:</u> नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक क्षेत्र, औद्योगिक ग्राम, औद्योगिक क्लष्टर वा सेवाप्रवाह सम्बन्धी अन्य विषयहरुको व्यवस्थापनको लागि आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

४२. <u>बचाउ:</u> औद्योगिक व्यवसाय ऐन, २०७३ प्रारम्भ भएपछि उद्योग दर्ता गर्ने निकायबाट उद्योग दर्ता, सञ्चालन र व्यवस्थापन सम्बन्धमा भए गरेका काम कारबाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**<u>उद्योग दर्ताको लागि दिने निवेदनको ढाँचा</u>**

टिकट

श्री उद्योग विभाग/ घरेलु तथा साना उद्योग विभाग /

विशेष आर्थिक क्षेत्र प्राधिकरण

काठमाडौं ।

महोदय,

.....................प्रदेश ................... जिल्ला .................. नगरपालिका/गाउँपालिका .......... वडा नं. मा ...................................... उद्देश्य रहेको ....................................................... नामको उद्योग स्थापना गर्ने चाहना भएको हुँदा देहाय बमोजिमको विवरण र कागजात सहित उद्योग दर्ताको लागि निवेदन गरेको छु/गरेका छौं। निवेदनमा उल्लेख भएको व्यहोरा साँचो छ । झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको पूरा नाम, थरः

निवेदकको हस्ताक्षरः

नागरिकता प्रमाणपत्रको नम्बरः ........................., जारी मितिः ................., जिल्लाः ..........

निवेदकको ठेगानाः

प्रदेशः ..............., जिल्लाः ......................., गाउँपालिका/नगरपालिकाः ..............., वडा नं. ........,

टोल/मार्गः ........................, घर नम्बरः ..............

सम्पर्क फोन नम्बरः .......................

फ्याक्स नम्बरः .................. इमेलः ...................................

<u>संलग्न कागजातहरु</u>ः

१. अनुसूची-२ बमोजिमको परियोजना प्रस्ताव,

२. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (विदेशीको हकमा राहदानीको प्रतिलिपि),

३. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि (कम्पनीको हकमा मात्र),

४. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भएमा),

५. अन्य निकायको सहमति (जस्तै पर्यटन, स्वास्थ्य, औषधी,सञ्चार, वन, श्रम आदिसँग सम्बन्धित उद्योग भएमा),

६. सम्बन्धित स्थानीय तहको सिफारिस,

७. अन्य कागजात ।

नेपाल कानून आयोग

अनुसूची-२

(नियम ३ को उपनियम (२), नियम ७ को उपनियम (१) को खण्ड (च) र नियम २० को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

**परियोजनाको विवरण**

१. उद्योगको नामः

२. उद्योग रहने स्थलः .............. प्रदेश, .............. जिल्ला, .............. नगरपालिका/गाउँपालिका, वडा नं. ......

३. पत्राचारको ठेगाना र फोन नं.:

सम्पर्क व्यक्तिको नामः

४. विशेष आर्थिक क्षेत्रको नामः

५. उद्योगको स्तरः ☐ साना ☐ मझौला ☐ ठूला

६. उद्योगको कानूनी रुपः ☐ निजी फर्म ☐ साझेदारी फर्म ☐ प्रा.लि.कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

७. उद्योगको वर्गः ☐ ऊर्जामूलक उद्योग ☐ उत्पादनमूलक उद्योग ☐ कृषि तथा वन पैदावारमा आधारित उद्योग ☐ खनिज उद्योग ☐ निर्माण उद्योग ☐ सेवामूलक उद्योग ☐ पर्यटन उद्योग ☐ सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग

८. (क) उद्योग सञ्चालन हुने दिन प्रति वर्षः शिफ्टः

(ख) उत्पादन हुने वस्तु वा सेवाको विवरणः

| सि.नं. | वस्तु वा सेवाको विवरण | वार्षिक क्षमता | एकाइ | बिक्री मूल्य दर (रु.) | कुल बिक्री मूल्य (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |

९. परियोजना लागत तथा लगानीको स्रोतः

| | लगानी (रु.) | लगानीको स्रोत | |
|---|---|---|---|
| | | स्वःलगानी (रु.) | ऋण लगानी(रु.) |
| स्थिर पूँजी | | | |
| चालू पूँजी | | | |
| कुल पूँजी | | | |

१०. स्थिर पूँजी विवरणः

| सि.नं. | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | जग्गा (क्षेत्रफल ...............) | | |
| २. | भवन (क्षेत्रफल ................) | | |
| ३. | मेशिनरी उपकरण | | |
| ४. | फर्निचर फिक्स्चर, अफिस उपकरण | | |
| ५. | सवारी साधन | | |
| ६. | पूर्व सञ्चालन खर्च | | |
| ७. | अन्य | | |
| | कुल स्थिर पूँजी | | |

११. चालू पूँजीको विवरणः

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | कच्चा पदार्थ (................ महिना/दिनको लागि) | |

| | | |
|---|---|---|
| २. | अर्ध तयारी वस्तु | |
| ३. | उधारो (................ महिना/दिनको लागि) | |
| ४. | अन्य | |
| | कुल | |

१२. मेशिनको विवरणः

| सि.नं. | नाम | आवश्यक सङ्ख्या | मूल्य (रु.) |
|---|---|---|---|
| | | | |

<u>नोटः</u> आवश्यक भएमा मेशिनको प्रयोजन र औचित्य बारे पुष्ट्याइँ पेश गर्नु पर्नेछ।

१३. उद्योगले प्रयोग गर्ने आवश्यक कच्चा पदार्थको विवरणः

| सि.नं. | कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामग्रीको नाम | एकाइ | दर | वार्षिक आवश्यक परिमाण | कुल रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

१४. उद्योगलाई आवश्यक पर्ने विदेशी मुद्राः

कच्चा पदार्थको वार्षिक परिमाणका लागिः ...............................

मेशिनको लागिः ...............................

अन्यः ...............................

जम्माः ...............................

१५. जनशक्ति विवरणः

| विवरण | स्वदेशी | विदेशी | कुल सङ्ख्या |
|---|---|---|---|
| कर्मचारी (प्रशासनिक) | | | |

| | | | |
|---|---|---|---|
| कर्मचारी (प्राविधिक) | | | |
| कामदार उच्च दक्ष | | | |
| दक्ष | | | |
| अर्धदक्ष | | | |
| अदक्ष | | | |
| जम्मा | | | |

१६. उद्योगमा प्रयोग हुने इन्धन तथा पानीः

| किसिम | वार्षिक परिमाण/क्षमता | एकाइ | स्रोत |
|---|---|---|---|
| विद्युत शक्ति | | के भि ए. | |
| डिजेल | | कि.लि. | |
| LDO, फर्नेश आयल | | कि.लि. | |
| कोइला | | मे.टन | |
| धानको भुस | | मे.टन | |
| पानी | | लि. | |
| अन्य | | | |

१७. उद्योग सञ्चालबाट प्रभावित हुन सक्ने वातावरणीय पक्षहरुः

| वातावरणीय अवयवहरु | दुरी/विवरण | प्रतिकूल असर | | प्रतिकूल असर न्यूनीकरणका उपायहरु |
|---|---|---|---|---|
| | | हुने | नहुने | |
| जलस्रोत | | | | |
| कृषिजन्य भूमि | | | | |
| वन स्रोत | | | | |

नेपाल कानून आयोग

| | | | | |
|---|---|---|---|---|
| मानव बस्ती | | | | |
| विद्यालय | | | | |
| अस्पताल वा स्वास्थ्य केन्द्र | | | | |
| धार्मिक/साँस्कृतिक सम्पदा | | | | |
| अन्य (उल्लेख गर्ने) | | | | |

१८. मुख्य लगानीकर्ताको विवरणः

| | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| लगानीकर्ताको नाम | | | | |
| बाबुको नाम | | | | |
| बाजेको नाम | | | | |
| नागरिकता/राहदानी | | | | |
| पत्राचारको ठेगाना | | | | |
| फोन नं. | | | | |
| इमेल | | | | |
| लगानीको प्रतिशत | | | | |
| हस्ताक्षर | | | | |

१९. विदेशी लगानी वा प्रविधि हस्तान्तरण भएमा लगानीकर्ताको विवरणः

(क) नाम, थरः

(ख) मुलुकः

(ग) राहदानी नम्बरः

(घ) जारी भएको स्थानः

(ङ) बहाल अवधिः

नेपाल कानून आयोग

(च) भिसा नम्बरः

(छ) जारी गरेको स्थानः

(ज) अवधिः

(झ) मूल कम्पनीको आधिकारिक पत्रः भए/नभएको

पत्राचार गर्ने ठेगानाः

स्थानीय प्रतिनिधिको नाम र ठेगानाः

सम्पर्कः फोन नं.: फ्याक्स नं.:

इमेलः

<u>नोटः</u>

१. लगानीकर्ता कम्पनी भएमा सो कम्पनीको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली र कम्पनीको मुख्य कार्यालय रहेको पूरा ठेगाना समेत खुलाउनु पर्नेछ।

२. वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ र ६ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने भएमा सो सम्बन्धी प्रक्रिया पूरा गर्नु पर्नेछ।

३. विवरण फाराम पूर्ण रुपमा भरिएको हुनु पर्नेछ।

४. माथिका विभिन्न महलमा विवरण भर्ने ठाउँ पर्याप्त नभएमा छुट्टै भरी पेश गर्न सकिनेछ।

५. व्यावसायिक उत्पादन वा कारोबार शुरु भएको मितिले तीन महिनाभित्र पुनः यो फाराम भरी विवरण अध्यावधिक गर्नु पर्नेछ।

अनुसूची-३

(नियम ३ को उपनियम (३) सँग सम्बन्धित)

## लघु, उद्यम तथा घरेलु उद्योग दर्ताको लागि निवेदन

| टिकट |
|---|

मितिः .................

श्री घरेलु तथा साना उद्योग विभाग,

काठमाडौं ।

महोदय,

मैले/हामीले देहाय बमोजिमको लघु उद्यम/घरेलु उद्योग दर्ता गर्न चाहेकोले/लघु उद्यम/लघु उद्योग स्थापना गरी सञ्चालनमा ल्याएको हुनाले देहाय बमोजिमको विवरण र कागजात सहित उद्योग दर्ताको लागि यो निवेदन पेश गरेको छु/गरेका छौं ।

१. उद्योगको नामः

२. उद्योग रहने स्थलः ....... प्रदेश, ........ जिल्ला, ...... नगरपालिका/गाउँपालिका वडा नं. ...

३. पत्राचार गर्ने ठेगानाः

सम्पर्क फोन नं.ः ..... फ्याक्स नं.ः .......... मोबाइल नं. ........ इमेल ठेगानाः ..............

४. उद्यमीको नामः ...........................................................................

एक जनाभन्दा बढी उद्यमी भएः

मुख्य उद्यमीः ....................................... लगानीको हिस्साः .............. (प्रतिशत)

अन्य उद्यमीः ......................................... लगानीको हिस्साः ................. (प्रतिशत)

५. उद्योगको कानूनी रूपः ☐ निजी फर्म ☐ साझेदारी फर्म ☐ प्रा.लि. कम्पनी

६. उद्योगको वर्गः ☐ ऊर्जामूलक उद्योग ☐ उत्पादनमूलक उद्योग

☐ कृषि तथा वनपैदावारमा आधारित उद्योग ☐ खनिज उद्योग

☐ निर्माण उद्योग ☐ पर्यटन उद्योग ☐ सेवामूलक उद्योग

☐ सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग

७. उत्पादन हुने वस्तु/सेवाः

८. वार्षिक उत्पादन क्षमताः

९. अनुमानित लगानीः (क) स्थिर पूँजी (रु.): (ख) चालु पूँजी (रु.):

१०. उद्योग सञ्चालन हुने दिन (प्रति वर्ष): सिफ्टः

११. उद्योग सञ्चालनको लागि आवश्यक पर्ने विद्युत शक्तिको जडित क्षमताः

१२. उद्योग सञ्चालनको लागि आवश्यक जनशक्तिः क.पुरुष ख.महिला जम्माः

१३. उद्योग सञ्चालन हुने/सञ्चालन भएको मितिः

निवेदकको,-

हस्ताक्षरः

नाम, थरः

ठेगानाः

फोन नं.

मोबाइल नं.:

फ्याक्स नं.:

इमेलः

संलग्न कागजातः

१. अनुसूची-२ बमोजिमको परियोजना प्रस्ताव (पाना ...),

२. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि (कम्पनीको हकमा मात्र),

३. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भए),

नेपाल कानून आयोग

४. अन्य निकायको सहमति (जस्तै पर्यटन, स्वास्थ्य, औषधी,सञ्चार, वन, श्रम आदिसँग सम्बन्धित उद्योग भएमा),

५. स्थानीय तहको सिफारिस,

६. अन्य कागजात ।

नोटः

एक जनाभन्दा बढी निवेदक भए अन्य निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निजहरूले उद्योग दर्ताको लागि निवेदकलाई दिएको अख्तियारी समेत संलग्न गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

अनुसूची-४

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(............................)

सञ्चालकको फोटो

## उद्योग दर्ता प्रमाण-पत्र

उद्योग दर्ता नं.:-

मितिः-

औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ४ बमोजिम निम्न अनुसारको विवरण भएको उद्योग दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

१. उद्योग सञ्चालकको नामः

२. उद्योगको नामः

३. उद्योगको ठेगानाः

४. उद्योगको उद्देश्यः

५. उद्योगको कुल पूँजीः रुः

(क) स्थिर पूँजी रुः

(ख) चालु पूँजी रुः

६. उद्योगको वर्गः लघु उद्यम/घरेलु उद्योग/साना उद्योग/मझौला उद्योग/ठूला उद्योग

७. उद्योग सञ्चालन हुने सिफ्ट सङ्ख्याः

८. आवश्यक विद्युत शक्तिः

९. उद्योग सञ्चालन दिन (प्रति वर्ष):

१०. उद्योगले उत्पादन गर्ने वस्तु वा सेवाको प्रकारः

नेपाल कानून आयोग

११. आवश्यक पर्ने जनशक्तिः

१२. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार सुरु गर्न पर्ने अवधिः

१३. उत्पादन क्षमताः

१४. अन्यः

______________

(प्रमाणित गर्ने अधिकृत)

नोटः उद्योगले पालना गर्नु पर्ने शर्तहरू यस प्रमाणपत्रको पछाडि उल्लेख गरिएको छ ।

नेपाल कानून आयोग

उद्योगको पूँजी वृद्धि/क्षमता वृद्धि/नामसारी/लगायतका अन्य निर्णयहरु

| सि.नं. | निर्णयको व्यहोरा | प्रमाणित गर्नेको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल कानून आयोग

शर्तहरू:

प्रचलित कानूनमा तोकिएका अतिरिक्त उद्योगले देहाय बमोजिमका शर्तहरू पालना गर्नु पर्नेछ:

१. उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ। विदेशी जनशक्ति आवश्यक पर्ने भएमा प्रचलित श्रम ऐन,२०७४ को अधीनमा रही विदेशी जनशक्ति राख्न सकिनेछ।

२. उद्योगमा विदेशी पूँजी लगानी, प्रविधि उपभोग गर्नु परेमा विभागको पूर्व स्वीकृति लिनु पर्नेछ।

३. अनुमति लिनु नपर्ने उद्योगको पुनरूत्थान, आधुनिकीकरण वा विस्तार गर्दा विभागको स्वीकृति लिनु पर्नेछ।

४. उद्योग चालु भएपछि विभागको तथ्याङ्क शाखामा वार्षिक प्रतिवेदन, कार्य प्रगति र उत्पादन विवरण सम्बन्धी मासिक/चौमासिक प्रतिवेदन अनिवार्य रूपमा पेश गर्नु पर्नेछ। मौसमी (सिजनल) वा अन्य कारणले बन्द रहेको भए कारण खुलाई सूचना गर्नु पर्नेछ।

५. वातावरण सम्बन्धमा विभागबाट दिईने निर्देशन तथा शर्तहरू पालना गर्नु पर्नेछ । उद्योगबाट निस्कने फोहोरलाई उचित व्यवस्थापन गर्नु पर्नेछ ।

६. प्रदूषण नियन्त्रण सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले तथा अन्य सम्बन्धित निकायले तोकेको शर्तहरू र कार्यविधि अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

७. यस उद्योगको नाम पहिले दर्ता भएका कम्पनीको नाम, कसैको व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा नाम संशोधन गर्नु पर्नेछ। यस उद्योगबाट उत्पादन वा प्रदान गर्ने वस्तु वा सेवामा ट्रेडमार्क प्रयोग गर्ने भएमा प्रचलित औद्योगिक सम्पत्ति सम्बन्धी कानून बमोजिम दर्ता गराएर मात्र प्रयोग गर्नु पर्नेछ।

८. उद्योगमा कार्यरत कर्मचारी वा श्रमिकलाई पारिश्रमिक दिँदा अनिवार्य रुपमा बैङ्क खाता मार्फत भुक्तानी दिनु पर्नेछ।

९. औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचार संहिता, २०६७ पालना गर्नु पर्नेछ ।

१०. उद्योग वरिपरिका बासिन्दालाई हानि नोक्सानी नपर्ने गरी उद्योग सञ्चालन गर्नु पर्नेछ।

नेपाल कानून आयोग

अनुसूची-५

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि**

(क) ऊर्जा मूलक उद्योग

| सि.नं. | उद्योगको प्रकृति | अवधि | कैफियत |
|---|---|---|---|
| १. | जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्याँस, वायोमास वा अन्यस्रोतहरुबाट उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने निर्माण गर्ने उद्योग, मेसिन/उपकरण | पाँच वर्ष | |
| २. | विद्युत प्रसारण लाइन | छ वर्ष | |
| ३. | विद्युत वितरण प्रणाली | चार वर्ष | |

<u>स्पष्टीकरणः</u> जलविद्युत उत्पादन गर्ने ५०० मे.वा.सम्मलाई पाँच वर्ष, सोभन्दा बढी क्षमता हुनेलाई दश वर्ष ।

(ख) कृषि तथा वन पैदावारमा आधारित उद्योग

| | | | |
|---|---|---|---|
| १. | फलफूल खेती वा फलफूल प्रशोधन | तीन वर्ष | |
| २. | खाद्यवस्तु प्रशोधन | दुई वर्ष | |
| ३. | पशुपालन, पक्षीपालन (अष्ट्रिच समेत), पशुपक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन | तीन वर्ष | |
| ४. | दूध उद्योग (दूधका परिकार उत्पादन समेत) | दुई वर्ष | |
| ५. | मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग | तीन वर्ष | |
| ६. | रेशम खेती/रेशम प्रशोधन | पाँच वर्ष/ दुई | प्रशोधन- दुई |

| | | | |
|---|---|---|---|
| | | वर्ष | वर्ष |
| ७. | चिया बगान/चिया प्रशोधन | पाँच वर्ष/ दुई वर्ष | प्रशोधन- दुई वर्ष |
| ८. | कफी खेती/कफी प्रशोधन | पाँच वर्ष/ दुई वर्ष | प्रशोधन- दुई वर्ष |
| ९. | जडीबुटी खेती/जडीबुटी प्रशोधन, | पाँच वर्ष/ दुई वर्ष | प्रशोधन- दुई वर्ष |
| १०. | तरकारी बीउ,बिजन उत्पादन | दुई वर्ष | |
| ११. | तरकारी खेती,तरकारी प्रशोधन | दुई वर्ष | |
| १२. | हरित गृह स्थापना र सञ्चालन | दुई वर्ष | |
| १३. | मौरीपालन (मौरी प्रजनन,मह उत्पादन र प्रशोधन) | दुई वर्ष | |
| १४. | पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने,गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत) | दुई वर्ष | |
| १५. | नर्सरी व्यवसाय | दुई वर्ष | |
| १६. | रबर खेती,रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन | पाँच वर्ष/ दुई वर्ष | प्रशोधन- दुई वर्ष |
| १७. | शीत भण्डार,कृषि बजार स्थापना तथा सञ्चालन | दुई वर्ष | |
| १८. | सामुदायिक, कबुलियति, साझेदारी र निजी वनको स्थापना र व्यवस्थापन | पाँच वर्ष | |
| १९. | नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र | तीन वर्ष/ दुई वर्ष | प्रशोधन- दुई वर्ष |

नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| | यस्तै मसलावाली, दलहन आदि) | | |
| २०. | वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु | तीन वर्ष | |
| २१. | वनस्पति उद्यान स्थापना र व्यवस्थापन | तीन वर्ष | |
| २२. | वनस्पति प्रजनन व्यवसाय (टिस्यु कल्चर समेत) | तीन वर्ष | |
| २३. | अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित | दुई वर्ष | |
| (ग) खनिज उद्योग | | | |
| १. | खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु | पाँच वर्ष | |
| (घ) निर्माण उद्योग | | | |
| १. | सडक, पुल, सुरुङ्ग | पाँच वर्ष | |
| २. | रोपवे, रेलवे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ्गकार | तीन वर्ष | रेलवे- पाँच वर्ष |
| ३. | हवाई धावन मार्ग/विमानस्थल | पाँच वर्ष | |
| ४. | औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स | तीन वर्ष | |
| ५. | सभा सम्मेलन केन्द्र | दुई वर्ष | |
| ६. | ढल तथा ढल निकास | तीन वर्ष | |
| ७. | खानेपानी आपूर्ति तथा वितरण | तीन वर्ष | |
| ८. | सिँचाइ पूर्वाधार | तीन वर्ष | |
| ९. | खेलकुद गृह, रङ्गशाला | दुई वर्ष | |
| १०. | सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह | दुई वर्ष | |
| ११. | निर्यात प्रशोधन क्षेत्र | तीन वर्ष | |
| १२. | विशेष आर्थिक क्षेत्र | तीन वर्ष | |

| | | | |
|---|---|---|---|
| १३. | कार्गो कम्प्लेक्स | तीन वर्ष | |
| १४. | दूषित पानी प्रशोधन केन्द्र | दुई वर्ष | |
| १५. | टेलिफोन टावर, अप्टिकल फाइबर नेटवर्क, भू–उपग्रह, भू–उपग्रह प्रसारण केन्द्र | एक वर्ष | |
| १६. | घर तथा आवास भवन | तीन वर्ष | |
| १७. | फिल्म सिटि निर्माण, फिल्म स्टुडियो निर्माण | तीन वर्ष | |
| १८. | व्यापारिक कम्प्लेक्स | तीन वर्ष | |
| (ङ) पर्यटन उद्योग | | | |
| १. | पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेष्टुराँ | दुई वर्ष | १०० बेड भन्दा बढीभएको होटल- तीन वर्ष |
| २. | ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, मसाज र स्पा | एक वर्ष | |
| ३. | साहसिक पर्यटनः स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोनिङ, प्यारा सेलिङ्ग, घोडचढी, हात्तीचढी, बञ्जी जम्पिङ्ग, हिमाल आरोहण र अवलोकन | एक वर्ष | |
| ४. | गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्ग, पदयात्रा | एक वर्ष | |
| ५. | ग्रामीण पर्यटन, होम स्टे तथा पर्यावरणीय पर्यटन | एक वर्ष | |
| ६. | साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन | एक वर्ष | |
| ७. | मनोरञ्जन पार्क | दुई वर्ष | |
| ८. | वन्यजन्तु आरक्ष | पाँच वर्ष | |
| ९. | माउन्टेन फ्लाइट सञ्चालन | दुई वर्ष | |

नेपाल कानून आयोग

(च) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारितः

(अ) सूचना प्रविधि उद्योग

| | | | |
|---|---|---|---|
| १. | टेक्नोलोजी पार्क | दुई वर्ष | |
| २. | आई.टि. पार्क | दुई वर्ष | |
| ३. | वायोटेक पार्क | दुई वर्ष | |
| ४. | सफ्टवेयर विकास | एक वर्ष | |
| ५. | कम्प्यूटर तथा सम्बन्धित सेवाहरु | एक वर्ष | |
| ६. | तथ्याङ्क प्रशोधन | एक वर्ष | |
| ७. | साइवर क्याफे | एक वर्ष | |
| ८. | डिजिटल म्यापिङ्ग | एक वर्ष | |
| ९. | विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वि.पि.ओ.) | एक वर्ष | |
| १०. | डाटा माइनिङ्ग, क्लाउड कम्प्यूटिङ्ग | एक वर्ष | |

(आ) सूचना तथा सञ्चार प्रविधिमा आधारित

| | | | |
|---|---|---|---|
| १. | इन्टरनेट सेवा | एक वर्ष | |
| २. | टेलिफोन, मोबाईल टेलिफोन, मोबाईल स्याटलाइट टेलिफोन | तीन वर्ष | |
| ३. | टेलिपोर्ट सेवा | तीन वर्ष | |
| ४. | भू-उपग्रह (स्याटलाइट) स्थापना एवं सञ्चालन, भू-उपग्रह प्रसारकेन्द्र स्थापना, भिस्याट | तीन वर्ष | |
| ५. | ब्रोडव्याण्ड पूर्वाधार, टेलिकम टावर, अप्टिकल नेटवर्क, स्याटलाइट नेटवर्क | दुई वर्ष | |

(इ) सूचना प्रसारण प्रविधिमा आधारित

नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| १. | एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा | एक वर्ष | |
| २. | डिजिटल भू–सतही टेलिभिजन, स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन | एक वर्ष | |
| ३. | आइपिटिभी, अनलाइन सेवा | एक वर्ष | |
| ४. | डिजिटल केबुल टि.भी. नेटवर्क, डाइरेक्ट–टू–होम स्याटलाइट सेवा, एम.एम.डि.एस नेटवर्क | एक वर्ष | |
| ५. | रेकडिङ्ग स्टुडियो, प्रसारण स्टुडियो | एक वर्ष | |
| ६. | प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग | एक वर्ष | |
| ७. | सिनेमा उत्पादन, सिनेमा हल, मल्टिप्लेक्स सिनेमा हल, फिल्म सिटी निर्माण, फिल्म स्टूडियो निर्माण | दुई वर्ष | |
| (छ) सेवामूलक उद्योग | | | |
| १. | यान्त्रिक कार्यशाला (वर्कशप) | एक वर्ष | |
| २. | छापाखाना तथा छपाई सम्बन्धी सेवा | एक वर्ष | |
| ३. | पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु | एक वर्ष | |
| ४. | जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय | एक वर्ष | |
| ५. | चलचित्र निर्माण व्यवसाय | एक वर्ष | |
| ६. | प्रदर्शनी सेवा | एक वर्ष | |
| ७. | सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय | एक वर्ष | |

| | | | |
|---|---|---|---|
| ८. | निर्माण व्यवसाय | एक वर्ष | |
| ९. | सार्वजनिक यातायात व्यवसाय | एक वर्ष | |
| १०. | फोटोग्राफी | एक वर्ष | |
| ११. | अस्पताल | तीन वर्ष | १०० बेडभन्दा माथि भएको अस्पताल- पाँच वर्ष |
| १२. | नर्सिङ्ग होम | तीन वर्ष | १०० बेडभन्दा माथि भएको नर्सिङ्ग होम- पाँच वर्ष |
| १३. | शिक्षण एवं प्रशिक्षण संस्था | तीन वर्ष | प्रशिक्षण- एक वर्ष |
| १४. | पुस्तकालय, अभिलेखालय तथा सङ्ग्रहालय सेवा | एक वर्ष | |
| १५. | प्रयोगशाला | एक वर्ष | |
| १६. | हवाई यातायात सेवा | दुई वर्ष | |
| १७. | खेलकूद सेवा | एक वर्ष | |
| १८. | शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य) | एक वर्ष | |
| १९. | हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत | एक वर्ष | |
| २०. | फोहोरमैला सङ्कलन तथा सरसफाई, फोहरमैला पुनःप्रशोधन | एक वर्ष | |
| २१. | घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने | एक वर्ष | |

नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| | व्यवसाय | | |
| २२. | निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन | एक वर्ष | |
| २३. | पशु चिकित्सा सेवा | एक वर्ष | |
| २४. | व्याट्री रिचार्जिङ्ग | एक वर्ष | |
| २५. | स्वास्थ्य परीक्षण (एक्स–रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्डजस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला | एक वर्ष | |
| २६. | निर्माण भईसकेका पूर्वाधारहरुको सञ्चालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्याँस आपूर्ति सम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क, रङ्गशाला, स्पोर्टस् कम्प्लेक्स, रोपवे, सडक) | एक वर्ष | |
| २७. | सिँचाइ, विद्युत प्रशारण, विद्युत गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (आई.सि.डि.) आदि सेवा सञ्चालन गर्ने व्यवसायहरु | एक वर्ष | |
| २८. | खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य | एक वर्ष | |
| २९. | कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक), कार्गो व्यवसाय | एक वर्ष | |
| ३०. | प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्यांस रिफिलिङ्ग र सवारी ग्याँस रिफिलिङ्ग गर्ने स्टेशन समेत) | एक वर्ष | |

| | | | |
|---|---|---|---|
| ३१. | कुरियर सेवा | एक वर्ष | |
| ३२. | ड्राइक्लिनिङ्ग व्यवसाय | एक वर्ष | |
| ३३. | व्यूटी पार्लर | एक वर्ष | |
| ३४. | आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन) | एक वर्ष | |
| ३५. | सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय | एक वर्ष | |
| ३६. | प्रकाशन सेवा | एक वर्ष | |
| ३७. | विज्ञापन सेवा | एक वर्ष | |
| ३८. | विज्ञापन सामग्री तयार गर्ने सेवा | एक वर्ष | |
| ३९. | समाचार सम्प्रेषण सेवा | एक वर्ष | |
| ४०. | टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण | एक वर्ष | |
| ४१. | स्वाइल टेष्टिङ्ग सेवा | एक वर्ष | |
| ४२. | स्वास्थ्य (हेल्थ) क्लब | एक वर्ष | |
| ४३. | पानी ढुवानी तथा वितरण सेवा | एक वर्ष | |
| ४४. | जुलोजिकल पार्क सञ्चालन | एक वर्ष | |
| ४५. | जियोलोजिकल पार्क सञ्चालन | एक वर्ष | |
| ४६. | व्यवसाय सम्बर्द्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस) | एक वर्ष | |
| ४७. | व्यापारिक कम्प्लेक्स सञ्चालन | एक वर्ष | |
| ४८. | वैदेशिक रोजगार सेवा | एक वर्ष | |
| ४९. | वायोटेक पार्क | एक वर्ष | |
| ५०. | सिनेमा हल | एक वर्ष | |
| ५१. | मल्टिप्लेक्स थियटर | एक वर्ष | |

नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| ५२. | सिलाई बुनाई | एक वर्ष | |
| ५३. | खनिज अध्ययन तथा अनुसन्धान | एक वर्ष | |
| ५४. | अनुसन्धान तथा विकास सेवा | एक वर्ष | |

(ज) उत्पादन मूलक उद्योग

| | | | |
|---|---|---|---|
| १. | सिमेन्ट उत्पादन गर्ने | तीन वर्ष | चुन ढुङ्गामा आधारित वातावरणीय प्रभाव मूल्याङ्कन (EIA)–पाँचवर्ष |
| २. | प्लास्टिकका सामान उत्पादन गर्ने | दुई वर्ष | |
| ३. | इँटा, टायल उत्पादन गर्ने | दुई वर्ष | |
| ४. | आइरन रड उत्पादन गर्ने | दुई वर्ष | |
| ५. | ब्याट्री (ड्राइ वा वेट सेल) उत्पादन गर्ने | दुई वर्ष | |
| ६. | रासायनिक मल उत्पादन गर्ने | दुई वर्ष | |
| ७. | अर्गानिक मल उत्पादन गर्ने | दुई वर्ष | |
| ८. | लुब्रिकेन्ट्स उत्पादन गर्ने | दुई वर्ष | |
| ९. | चिनी उत्पादन गर्ने | तीन वर्ष | |
| १०. | खाँडसरी (सख्खर) उत्पादन गर्ने | दुई वर्ष | |
| ११. | राइस मिल | दुई वर्ष | |
| १२. | मैदा मिल | दुई वर्ष | |
| १३. | तेल मिल | दुई वर्ष | |
| १४. | दाल मिल | दुई वर्ष | |
| १५. | फ्रुट जुस उत्पादन गर्ने | दुई वर्ष | |
| १६. | सफ्ट ड्रिङ्क उत्पादन गर्ने | दुई वर्ष | |

नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| १७. | पशुपक्षीका दाना उत्पादन गर्ने | दुई वर्ष | |
| १८. | एलोपेथिक औषधी उत्पादन गर्ने | दुई वर्ष | |
| १९. | आयुर्वेदिक औषधी उत्पादन गर्ने | दुई वर्ष | |
| २०. | पशुपक्षीका औषधी उत्पादन गर्ने | दुई वर्ष | |
| २१. | एसिड, अल्काली र अन्य केमिकल उत्पादन गर्ने | दुई वर्ष | |
| २२. | मदिरा उत्पादन गर्ने | तीन वर्ष | |
| २३. | बियर उत्पादन गर्ने | तीन वर्ष | |
| २४. | वाइन, साइडर उत्पादन गर्ने | तीन वर्ष | |
| २५. | स्प्रिट उत्पादन गर्ने | तीन वर्ष | |
| २६. | अल्कोहोलिक ड्रिङ्क उत्पादन गर्ने | तीन वर्ष | |
| २७. | चुरोट उत्पादन गर्ने | तीन वर्ष | |
| २८. | बिंडी उत्पादन गर्ने | एक वर्ष | |
| २९. | सलाई उत्पादन गर्ने | दुई वर्ष | |
| ३०. | मैनबत्ती, अगरबत्ती उत्पादन गर्ने | एक वर्ष | |
| ३१. | प्रिफेब्रिकेशनका सामान उत्पादन गर्ने | एक वर्ष | |
| ३२. | ग्रिल, फलामका सामान उत्पादन गर्ने | एक वर्ष | |
| ३३. | जस्ता पाता उत्पादन गर्ने | दुई वर्ष | |
| ३४. | अन्य खाद्य प्रशोधन चाउचाउ, चिया, चिजबल्स आदि उत्पादन गर्ने | दुई वर्ष | |
| ३५. | गुटखा, पानमसला, सूर्तिजन्य वस्तु उत्पादन गर्ने | दुई वर्ष | |
| ३६. | इलेक्ट्रोनिक सामान उत्पादन गर्ने | दुई वर्ष | |
| ३७. | इलेक्ट्रिक सामान उत्पादन गर्ने | दुई वर्ष | |

| | | | |
|---|---|---|---|
| ३८. | बिजुलीको तार (केबुल) उत्पादन गर्ने | दुई वर्ष | |
| ३९. | तारजाली उत्पादन गर्ने | दुई वर्ष | |
| ४०. | साबुन, स्याम्पु, वासिङ पाउडर उत्पादन गर्ने | दुई वर्ष | |
| ४१. | छाला प्रशोधन गर्ने | दुइ वर्ष | |
| ४२. | ढुङ्गा, क्रशर सञ्चालन गर्ने | एक वर्ष | |
| ४३. | बालुवा प्रशोधन गर्ने | एक वर्ष | |
| ४४. | रङ्गरोगन उत्पादन गर्ने | दुई वर्ष | |
| ४५. | फोम उत्पादन गर्ने | दुई वर्ष | |
| ४६. | धागो, कपडा रङ्गाई, छपाई गर्ने | दुई वर्ष | |
| ४७. | धुलाई गर्ने, डाई गर्ने | दुई वर्ष | |
| ४८. | प्रिन्टिङ प्रेस | दुई वर्ष | |
| ४९. | कागज, पल्प पेपर उत्पादन गर्ने | तीन वर्ष | |
| ५०. | स्टेशनरीका सामान उत्पादन गर्ने | एक वर्ष | |
| ५१. | चुनढुङ्गा प्रशोधन, चुन उत्पादन | तीन वर्ष | |
| ५२. | पानी प्रशोधन गर्ने | दुई वर्ष | |
| ५३. | टायर, ट्युब, रबर प्रशोधन गर्ने | दुई वर्ष | |
| ५४. | बिटुमिन तथा बिटुमिन इमल्सन उत्पादन गर्ने | दुई वर्ष | |
| ५५. | हाड, सिङ, खुरको रासायनिक प्रशोधन गर्ने | दुई वर्ष | |
| ५६. | काठ मिल, फर्निचर उत्पादन गर्ने | दुई वर्ष | |
| ५७. | प्लाइउड उत्पादन गर्ने | दुई वर्ष | |
| ५८. | अन्य उत्पादनमूलक | तीन वर्ष | |

नेपाल कानून आयोग

अनुसूची-६

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

## उद्योग दर्ता अनुमतिको लागि दिने निवेदनको ढाँचा

श्री उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड

मार्फत

................................ विभाग ।

महोदय,

.....................प्रदेश ................... जिल्ला ................. नगरपालिका/गाउँपालिका वडा नं. .... मा ........................................................ उद्देश्य रहेको ....................................... नामको उद्योग स्थापना गर्ने इच्छा भएको हुँदा देहाय बमोजिमको व्यहोरा र कागजात सहित उद्योग दर्ताको अनुमतिका लागि आवेदन गरेको छु/गरेका छौं । दरखास्तमा उल्लेख भएको व्यहोरा साँचो हो। झुट्टा ठहर भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको,-

हस्ताक्षरः

नाम, थरः

ठेगानाः

फोन नम्बरः

फ्याक्स नम्बरः

इमेलः

विदेशी लगानी वा प्रविधि हस्तान्तरण भएमा लगानीकर्ताको,-

नेपाल कानून आयोग

१. पूरा नाम, थरः मुलुकः

२. राहदानी नम्बरः जारी भएको स्थानः बहाल अवधिः

३. भिसा नम्बरः जारी गरेको स्थानः अवधिः

४. मूल कम्पनीको आधिकारिक पत्रः भए/नभएकोः

लगानीकर्ता कम्पनी भएमा सो कम्पनीको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली र कम्पनीको मुख्य कार्यालय रहेको पूरा ठेगाना समेत खुलाउनु पर्नेछ ।

५. पत्राचार गर्ने पूरा ठेगानाः

६. स्थानीय प्रतिनिधिको नाम, थर र ठेगानाः

७. सम्पर्क फोनः

८. फ्याक्स नं.:

९. इमेलः

संलग्न कागजातहरु :

१. अनुसूची-२ बमोजिमको परियोजना प्रस्ताव (पाना ...),

२. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (विदेशीको हकमा राहदानीको प्रतिलिपि),

३. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्र (कम्पनी भए),

४. साझेदारी सम्झौताको प्रतिलिपि (साझेदारी फर्म भए),

५. सम्बन्धित निकायको सिफारिस,

६. उद्योग दर्ता गर्ने निकायले तोकेका अन्य कागजात ।

नेपाल कानून आयोग

अनुसूची-७

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

## उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थपको लागि दिने निवेदनको ढाँचा

मितिः ................

श्री उद्योग विभाग⁄ घरेलु तथा साना उद्योग विभाग,

विशेष आर्थिक क्षेत्र प्राधिकरण,

...............................।

विषयः उद्योग सञ्चालन/व्यवसायिक उत्पादन/कारोबार प्रारम्भ गर्ने अवधि थप गरी पाऊँ ।

उपरोक्त विषयमा मिति.................. मा दर्ता भएको मेरो/हाम्रो................. उद्योगले देहायका कारणले उद्योग दर्ता प्रमाण पत्रमा उल्लेख भएको अवधि भित्र उद्योग सञ्चालन वा आफनो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेकोले सो अवधि मिति.......................सम्मको लागि थप गरिदिनुहुन निवेदन गर्दछु/गर्दछौ :-

१. उद्योग स्थापनाका लागि हालसम्म भए गरेका कार्यहरुः

(क) ........................

(ख) ........................

२. उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ हुन नसक्नुका कारणहरुः

(क) ........................

(ख) ........................

३. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न भएका पहलहरुः

(क) ........................

(ख) ........................

<u>निवेदकको</u>,-

हस्ताक्षरः

नाम, थरः

(उद्योगको छाप)

ठेगानाः

पदः

मितिः

इमेलः

नेपाल कानून आयोग

अनुसूची-८

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

**उद्योग स्थानान्तरणको लागि दिने निवेदनको ढाँचा**

मितिः

................

श्री ................विभाग ।

विषयः उद्योग स्थानान्तरणको स्वीकृति बारे ।

महोदय,

त्यस विभागमा मिति........ मा दर्ता भएको............प्रदेश .............जिल्ला ......... नगरपालिका/ गाउँपालिका ......... वडा नं. ........ मा स्थापना तथा सञ्चालन गर्ने गरी/सञ्चालन भईरहेको यस उद्योग देहायका कारणले गर्दा ...........प्रदेश...........जिल्ला .........नगरपालिका/गाउँपालिका ...........वडा नं........... मा स्थानान्तरण गर्नु पर्ने भएकोले देहायका कागजातहरु संलग्न राखी स्थानान्तरणको स्वीकृतिको लागि अनुरोध गर्दछु । यसका लागि आवश्यक कागजात यसैसाथ संलग्न गरेको छु ।

उद्योग स्थानान्तरण गर्नु पर्ने कारणहरु:

१.

२.

३.

संलग्न कागजातहरुः

१. उद्योग स्थानान्तरण गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय,

२. स्थानान्तरण हुने स्थानीय तहको सिफारिस,

३. प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्नेको हकमा सो को सम्बन्धित निकायबाट स्वीकृत भएको प्रतिवेदन,



नेपाल कानून आयोग

४. अनुसूची-२ बमोजिमको अद्यावधिक परियोजना प्रस्ताव (पाना ...),

५. उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न सकिने अनुमानित अवधि ।

निवेदकको,-

उद्योगको छाप

हस्ताक्षरः

नाम, थरः

पदः

ठेगानाः

इमेलः

नेपाल कानून आयोग

अनुसूची-९

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

**<u>उद्योग स्थानान्तरणको स्वीकृतिपत्रको ढाँचा</u>**

मितिः ................

श्री...........,

...............................

विषयः उद्योग स्थानान्तरणको स्वीकृति बारे ।

महाशय,

तपाईले मिति .......... मा दिनु भएको निवेदन उपर कारबाही हुँदा .......... प्रदेश .......... जिल्ला ....... नगरपालिका/गाउँपालिका ....... वडा नं. ..........मा रहेको तपाईको .......... नामको उद्योगलाई ............ प्रदेश ........... जिल्ला .......... नगरपालिका /गाउँपालिका ....... वडा नं. ..........मा स्थानान्तरण गर्नको लागि यस ............. विभाग/कार्यालयको मिति ...... को निर्णय अनुसार स्थानान्तरणको स्वीकृति दि देहायको शर्तको अधीनमा रही उद्योग स्थानान्तरणको स्वीकृति प्रदान गरिएको ।

.......................
स्वीकृति दिने अधिकारी

<u>शर्तहरुः</u>

१. स्वीकृति प्राप्त भएको मितिले ६ महिना भित्र उद्योग सञ्चालन गर्नु पर्ने,

२. वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गर्नु पर्ने,

३. ..........(अन्य शर्तहरू).............।

अनुसूची-१०

(नियम ८ को उपनियम (१) को खण्ड (घ) र नियम ११ को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धित)

**उद्योगको अद्यावधिक विवरण**

१. उद्योगको नामः

ठेगानाः

२. विवरण पेश गरेको अवधिः मिति...............देखि..............सम्म

आर्थिक वर्षः                                   उद्योगको दर्ता मितिः

३. प्रोप्राइटर/साझेदार/सञ्चालकको नामः

४. उद्योग सञ्चालन भएको जम्मा दिनः .........      उद्योग सञ्चालन भएको सुरु मितिः

५. उत्पादन तथा सेवाको विवरणः

| सि.नं. | विवरण | परिमाण | | एकाइ | प्रति एकाइ मूल्य | बिक्री परिमाण (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत क्षमता | उत्पादन परिणाम | | | |
| | | | | | | |

६. कच्चा पदार्थ, केमिकल एवं प्याकेजिङ्ग सामग्रीः

| सि.नं. | विवरण | एकाइ | परिमाण | सरदर एकाइको मूल्य |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

७. उत्पादित सामग्री निकासी गरेको भए

(क) निकासी गरेको मुलुकको नामः ...................... (ख) निकासी परिमाणः ..........

(ग) निकासी मूल्यः ..........................

८. प्रचलित कानून बमोजिम नेपाल सरकारबाट उद्योगले प्राप्त गरेको कुनै सहुलियत, छुट वा सुविधाः

९. उद्योगले प्रयोग गरेका अन्य आवश्यकताहरुः

| सि.नं. | विवरण | एकाइ | परिमाण | सरदर एकाइको मूल्य |
|---|---|---|---|---|
| १. | पानी | किलोलिटर | | |
| २. | विद्युत माग<br>विद्युत युनिट खपत | केभिए<br>किलोवाट आवर | | |
| ३. | इन्धन<br>(क) कोइला<br>(ख) डिजेल<br>(ग) फर्नेश आयल<br>(घ) एल. पि. ग्याँस<br>(ङ) धानको भूस<br>(च) अन्य | <br>मे.टन<br>किलोलीटर<br>लि.<br>मे.टन<br>मे.टन | | |

१०. उद्योगमा कार्यरत जनशक्तिः

| सि.नं. | विवरण | सङ्ख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | कुल |
| १. | प्रशासनिक | | | |

| | | | | |
|---|---|---|---|---|
| २. | प्राविधिक | | | |
| ३. | श्रमिक<br>(क) उच्च दक्ष<br>(ख) दक्ष<br>(ग) अर्धदक्ष<br>(घ) अदक्ष | | | |

११. उद्योग सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरणको लागि अपनाइएका उपायहरूः

(क)

(ख)

(ग)

(घ)

............ ............

तयार गर्ने स्वीकृत गर्ने

सञ्चालक/ व्यवस्थापक

उद्योगको छापः

नेपाल कानून आयोग

अनुसूची-११

(नियम ९ सँग सम्बन्धित)

**<u>उद्योग बन्द भएको जानकारी पत्रको ढाँचा</u>**

मितिः ...................

श्री..........................विभाग,

................................ ।

विषयः उद्योग बन्द भएको जानकारी सम्बन्धमा ।

त्यस कार्यालय/विभागमा मिति............. मा दर्ता भई ............प्रदेश ............जिल्ला ......... नगरपालिका/गाउँपालिका वडा नं. ..........मा स्थापना तथा सञ्चालन गर्ने गरी/सञ्चालन भईरहेको यस उद्योग देहायको कारणले नियमित रूपमा सञ्चालन गर्न नसकिएको हुनाले मिति ..................... देखि आवश्यक रीत पुऱ्याई बन्द गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौ :-

उद्योग बन्द गर्नु पर्ने कारणहरुः

१. आवश्यक कच्चा पदार्थहरु सहज आपूर्ति नभएको,

२. पूँजीको अभाव भएको,

३. बजारको समस्या भएको,

४. आन्तरिक व्यवस्थापनमा समस्या भएको,

५. कामदारहरुको अभाव भएको,

६. उद्योगले पूर्ति गर्न नसकिने मागहरुको कारणले गर्दा कामदार र व्यवस्थापन बिच समस्या उत्पन्न भएको

७. मेशिन उपकरणहरु मर्मत सम्भार गर्न नसकिने गरी बिग्रेको,

८. ..........(अन्य कारणहरू)............।

संलग्न कागजातहरुः

१. उपरोक्त कारण/कारणहरुलाई पुष्टि हुनेगरी तयार गरिएको विस्तृत प्रतिवेदन,



नेपाल कानून आयोग

२. नियमावलीको नियम १० को उपनियम (१) मा उल्लिखित कागजातको विवरण ।

उद्योगको छाप

<u>निवेदकको</u>,-

हस्ताक्षरः

नाम, थरः

पदः

नेपाल कानून आयोग

अनुसूची-१२

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

## उद्योगको दर्ता खारेजीको लागि दिइने निवेदनको ढाँचा

मितिः ...................

.............. विभाग/कार्यालय,

................................ ।

विषयः उद्योगको दर्ता खारेज गरिदिने सम्बन्धमा ।

त्यस कार्यालय/विभागमा मिति........ मा दर्ता भई ............प्रदेश............जिल्ला......... नगरपालिका/ गाउँपालिका........वडा नं. ..........मा स्थापना भई मिति............देखि सञ्चालनमा रहेको यस उद्योग मिति ............... देखि बन्द भएकोले औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १३ एवं औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ९ बमोजिम मिति ....................मा नियमानुसार जानकारी गराइएकोमा हाल परिस्थितिवश एवं पूर्व उल्लिखित कारणहरुले गर्दा यस उद्योगलाई पुनः सञ्चालनमा ल्याउन नसकिने भएको हुँदा ऐनको दफा १४ बमोजिम उद्योगको दर्ता खारेज गरिदिनुहुन अनुरोध गर्दछु/गर्दछौं ।

संलग्न कागजात

१. उद्योगको जायजेथा मूल्याङ्कन प्रतिवेदन,

२. उद्योग खारेज सम्बन्धमा लिक्विडेटरको प्रतिवेदन,

३. कर चुक्ता प्रमाणपत्र,

४. अघिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदन,

५. उद्योगमा कार्यरत श्रमिक तथा कर्मचारीको दायित्व,

६. उद्योग विरुद्ध हुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधिन नरहेको स्वघोषणा ।

उद्योगको छाप

निवेदकको,-

हस्ताक्षरः

नाम, थरः

पदः

नेपाल कानून आयोग

अनुसूची-१३

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

**उद्योगको स्थिर पूँजी / क्षमता परिवर्तन वा हेरफेरको लागि दिने निवेदनको ढाँचा**

मितिः ...................

श्री उद्योग विभाग /घरेलु तथा साना उद्योग विभाग

.................. ।

विषयः उद्योगको स्थिर पूँजी/क्षमता परिवर्तन वा हेरफेर सम्बन्धमा ।

महोदय,

....................प्रदेश ................... जिल्ला .................. गाउँपालिका /नगरपालिका वडा नं. .......मा ................................ उद्देश्य रहेको ........................................................... नामको उद्योग ............. मितिमा स्थापना भई मिति .......... देखि सञ्चालन भएको र यस उद्योगको सम्बन्धमा देहाय बमोजिमको विवरणमा परिवर्तन वा हेरफेर गर्न आवश्यक भएकोले देहाय बमोजिमको विवरण र कागजात सहित यो निदेदन गरेको छु/गरेका छौं । निवेदनमा उल्लेख भएको व्यहोरा साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

परिवर्तन वा हेरफेर गर्नु पर्ने विवरणः

| क्र.सं. | हालको कायम रहेको | परिवर्तन वा हेरफेर गर्नु पर्ने | कारण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |

निवेदकको,-

उद्योगको छाप

हस्ताक्षरः

नाम, थरः

फोन नम्बरः

इमेलः

संलग्न कागजातहरु:

१. अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन,

२. कर चुक्ता प्रमाणपत्र,

३. अनुसूची-१० बमोजिमको अद्यावधिक विवरण,

४. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रति,

५. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्र (कम्पनी भए),

६. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भए),

७. सम्बन्धित निकायको सिफारिस,

८. अन्य कागजात ।

नेपाल कानून आयोग

अनुसूची-१४

(नियम १४ को उपनियम (२) सँग सम्बन्धित)

**निकासी बापतको महसुल फिर्ता (ड्युटी ड्रब्याक) का लागि दिने निवेदनको ढाँचा**

मितिः ................

श्री ................ विभाग/कार्यालय,

................ ।

विषयः निकासी बापतको महसुल फिर्ता (ड्युटी ड्रब्याक) पाउने बारे ।

....................प्रदेश ................... जिल्ला .................. गाउँपालिका /नगरपालिका वडा नं. .......मा स्थापना भई सञ्चालनमा रहेको यस उद्योगले आफ्नो उत्पादित वस्तु संलग्न कागजातमा उल्लेख भए अनुसार विदेशमा बिक्री निकासी गरेकोले उक्त वस्तुमा अन्तःशुल्क र मूल्य अभिवृद्धि कर बापत लागेको रकम रु. .............(अक्षरेपी रु.............) नियमानुसार फिर्ता (ड्युटी ड्रब्याक) पाउन तल उल्लिखित कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु/ छौं।

संलग्न कागजातहरुः

१. निकासी प्रज्ञापन पत्रको सक्कल प्रति थान ....,

२. गत वर्षको आर्थिक प्रगति विवरण,

३. क्रेताको खरिद आदेश थान ......,

४. अन्तः शुल्क र मूल्य अभिवृद्धि कर बापत तिरेको रसीद ।

अन्तर्राष्ट्रिय बोलपत्र बापतको महसुल फिर्ताको हकमा देहायका कागजातहरुः

१. अन्तर्राष्ट्रिय बोलकबोलको सार्वजनिक सूचनाको प्रतिलिपि थान ....,

२. सम्बन्धित पक्षसँग भएको सम्झौताको प्रतिलिपि थान ...,

३. भुक्तानी बिल थान ....,

४. उद्योगको स्वीकृत तथा उपयोग भएको क्षमताको आधार थान ....,

५. गत वर्षको आर्थिक प्रगति विवरणको प्रतिलिपि थान .... ।

निवेदकको,-

हस्ताक्षरः

उद्योगको छाप

नाम, थरः

पदः

नेपाल कानून आयोग

अनुसूची-१५

(नियम २० को उपनियम (१) सँग सम्बन्धित)

**लिजमा जग्गा उपलब्ध गराइदिने सम्बन्धमा दिने निवेदनको ढाँचा**

मितिः ..................

श्री ................ विभाग/कार्यालय,

................ ।

विषयः लिजमा जग्गा उपलब्ध गराइदिने बारे ।

हामीले ....................प्रदेश ................... जिल्ला .................. गाउँपालिका/नगरपालिका वडा नं. .......मा..............(वस्तु) उत्पादन गर्न उद्योग स्थापना गर्न लागेको र उक्त उद्योग नेपाल सरकारबाट राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग भएकोले सो उद्योग स्थापना एवं सञ्चालन गर्नको लागि .....प्रदेश... ..........जिल्ला...............नगरपालिका/गाउँपालिका वडा नं. ..... स्थित नेपाल सरकारको स्वामित्वमा रहेको कि. नं .........सरकारी जग्गा .......... वर्गमिटर/रोपनी/बिगाहा क्षेत्रफल मध्ये ............ वर्गमिटर/रोपनी/बिगाहा क्षेत्रफलको जग्गा नियमानुसार .............. वर्षको लागि लिजमा उपलब्ध गराइदिनु हुन तल उल्लिखित कागजातहरु संलग्न गरी अनुरोध गर्दछु/गर्दछौं ।

संलग्न कागजातहरुः

१. उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

२. उद्योगले वस्तु उत्पादन गर्ने अनुमति पत्रको प्रतिलिपि,

३. उद्योगको लागि आवश्यक पर्ने जग्गा क्षेत्रफलको आधार,

४. उद्योगले लिजमा जग्गा लिनु पर्ने कारण,

५. स्थानीय तहको सिफारिस,

६. उद्योगको परियोजना प्रस्ताव ।

उद्योगको छाप

निवेदकको,-

हस्ताक्षरः

नाम, थरः

पदः

नेपाल कानून आयोग

अनुसूची-१६

(नियम २५ को उपनियम (१) सँग सम्बन्धित)

**<u>रुग्ण उद्योगको पहिचानका लागि दिने निवेदनको ढाँचा</u>**

श्रीमान् संयोजकज्यू,

रुग्ण उद्योग उच्चस्तरीय समिति,

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

विषयः <u>रुग्ण उद्योगको रूपमा पहिचान गरी पाऊँ</u> ।

महोदय,

उपर्युक्त विषयमा निम्नलिखित विवरण र कागजातहरु संलग्न गरी औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ३७ तथा औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम २५ बमोजिम रुग्ण उद्योगको रुपमा पहिचानको लागि निम्नलिखित विवरण र कागजात सहित यो निवेदन पेश गरेको छु/छौं ।

<u>संलग्न विवरण र कागजातहरूः</u>

१. नगद घाटा/वित्तीय घाटा विवरण,

२. पूँजी र ऋणको विवरण,

३. तिर्नु पर्ने ऋणको साँवा र व्याज,

४. उत्पादन क्षमता र हालको अवस्था,

५. सूचीकृत भएका उद्योगको शेयरको बजार मूल्य,

६. पारबिन्दु (ब्रेक इभन) भन्दा तल्लो अवस्थामा कारोबार भएको भए सोको परिमाण,

७. श्रम समस्याका कारण सञ्चालन हुन नसकेकोमा सोको कारण,

८. प्राकृतिक प्रकोप वा अन्य काबु बाहिरको अवस्था परेको भए सोको विवरण,

नेपाल कानून आयोग

९. उद्योगले रुग्ण हुनुभन्दा पहिले रोजगारी सिर्जना वा आयात प्रतिस्थापन वा निर्यात प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जनमा गरेको योगदान,

१०. उद्योगको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि,

११. उद्योगको नविकरणसहितको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

१२. उद्योगको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

१३. उद्योगले उद्योग सञ्चालनका लागि लिएको कर्जाको विवरण,

१४. उद्योगको चल अचल सम्पत्ति र दायित्व सम्बन्धी विवरण,

१५. सूचनामा तोकिएका अन्य विवरण ।

उल्लिखित विवरणहरु ठिक साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

उद्योगको छाप

निवेदकको,-

हस्ताक्षरः

नाम, थरः

पदः

मितिः

नेपाल कानून आयोग

अनुसूची–१७

(नियम ३८ को उपनियम (१) सँग सम्बन्धित)

**<u>औद्योगिक करिडोर/औद्योगिक ग्राम/औद्योगिक क्लष्टर घोषणाको लागि आवश्यक मापदण्ड</u>**

१. <u>जग्गाः</u> (१) औद्योगिक ग्रामको लागि कम्तीमा देहाय बमोजिमको क्षेत्रफल भएको जग्गा उपलब्ध हुनु पर्नेछः-

(क) हिमाली तथा दुर्गम पहाडी क्षेत्रमा ३० रोपनी,

(ख) पहाडी क्षेत्रमा ४० रोपनी,

(ग) तराई क्षेत्रमा ७ बिगाहा,

(२) औद्योगिक ग्राम स्थापनाको लागि जग्गा छनौट गर्दा घना मानव बस्तीदेखि कम्तीमा एक किलोमिटर टाढा दूरी हुनु पर्नेछ ।औद्योगिक ग्रामको कम्तीमा दुई सय मिटरको वरिपरि मानव बस्ती हुनु हुँदैन।मानव बस्ती रहेको भएको त्यस्तो बस्ती अन्यत्र व्यवस्थापन गर्न सक्ने कुराको सुनिश्चितता गर्नु पर्नेछ।

<u>स्पष्टीकरणः</u> यस खण्डको प्रयोजनको लागि "घना मानव बस्ती" भन्नाले एकहजार घरधुरी वा सोभन्दा बढी बस्ती भएको क्षेत्र सम्झनु पर्छ।

(३) आपसमा सीमा जोडिएका गाउँपालिका वा नगरपालिकाले आपसमा सम्झौता गरी संयुक्त रुपमा औद्योगिक ग्राम स्थापना गरी सञ्चालन तथा व्यवस्थापन गर्ने अवस्थामा बाहेक अर्को गाउँपालिका वा नगरपालिकाको सीमा देखि १०० मीटरसम्मको दुरीमा पर्ने गरी औद्योगिक ग्रामको प्रस्ताव गर्नु हुँदैन । सोभन्दा कम दुरीमा औद्योगिक ग्राम स्थापना गर्न आवश्यक देखिएमा सीमा जोडिएको सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सहमति लिनु पर्नेछ ।

(४) औद्योगिक ग्रामको लागि जग्गा छनौट गर्दा सिंचाई सुविधा उपलव्ध भएको उर्बरभूमी, घना वन जङ्गल तथा भौगोलिक रुपमा जोखिमयुक्त स्थानलाई छनोट गर्नु हुँदैन ।

नेपाल कानून आयोग

(५) अन्तर्राष्ट्रिय सीमा रेखाभन्दा कम्तीमा दुई किलोमिटरभन्दा नजिक नपर्ने गरी कायम हुने गरी जग्गा छनौट गर्नु पर्नेछ ।

तर सीमा क्षेत्र नजिक मात्र जग्गा उपलब्ध हुने भएमा पाँच सय मिटर दूरीमा औधोगिक ग्राम स्थापना गर्न सकिनेछ।

२. सडक: औद्योगिक ग्रामको लागि देहाय बमोजिमको न्यूनतम सडक पूर्वाधारको व्यवस्था गर्नु पर्नेछ :-

(क) औद्योगिक ग्रामलाई नजिकको राजमार्गसँग जोड्न न्यूनतम १० मीटर चौडाइ भएको पहुँच मार्ग (एप्रोच रोड) हुनु पर्ने,

(ख) औद्योगिक ग्रामभित्रको मुख्य सडक न्यूनतम १० मिटर चौडाइ भएको हुनुपर्ने,

(ग) औद्योगिक ग्रामभित्रको सहायक सडक न्यूनतम ७ मिटर चौडाइ भएको हुनुपर्ने,

(घ) औद्योगिक ग्रामभित्रको मुख्य सडकमा एकातर्फ सडकपेटी (फुटपाथ) कायम गर्नु पर्ने ।

३. औद्योगिक ग्राम स्थापना भू–उपयोग मापदण्ड: औद्योगिक ग्राम स्थापनाको लागि उपलब्ध खण्ड (क) बमोजिम जग्गाको प्रयोग गर्दा देहाय बमोजिम जग्गा छुट्याउनु पर्नेछ :-

(क) उद्योग स्थापनाको लागि कुल जग्गाको ६० देखि ७० प्रतिशत,

(ख) प्रशासनिक भवन तथा सेवा केन्द्र(स्वास्थ्य सेवा, चमेना गृह आदि) निर्माणको लागि कुल जग्गाको २ देखि ५ प्रतिशत,

(ग) औद्योगिक ग्रामभित्र हरियाली कायम गर्न कुल जग्गाको ७ देखि १० प्रतिशत,

(घ) मुल सडक तथा सहायक सडक क्षेत्र १२ देखि १५ प्रतिशत,

(ङ) सम्भावित विपद् व्यवस्थापनका लागि ३ देखि ५ प्रतिशत,

(च) खुला मैदान तथा पार्कको लागि २ देखि ५ प्रतिशत,

(छ) अन्य सेवा (पार्किङ्ग, लोड, अनलोड, सार्वजनिक शौचालय, स्नान गृह, खानेपानी, फोहर व्यवस्थापन, अग्नि नियन्त्रण आदि) को लागि ५ देखि १० प्रतिशत ।

४. <u>औद्योगिक ग्रामभित्र उपलब्ध हुनु पर्ने सामान्य सेवा सुविधा:</u> औद्योगिक ग्रामभित्र देहाय बमोजिमको सामान्य सेवा, सुविधा उपलब्ध हुनु पर्नेछ :-

(क) सामान्य सेवा सुविधाः

(१) बैङ्क तथा वित्तीय संस्था,

(२) खानेपानीको व्यवस्था,

(३) दिवा शिशु स्याहार केन्द्र,

(४) सामान प्रदर्शनी तथा बिक्री कक्ष,

(५) अग्नि नियन्त्रण सम्बन्धी व्यवस्था,

(६) शौचालय तथा स्नान गृह,

(७) पार्किङ स्थल तथा आराम स्थल,

(८) चमेना गृह,

(९) प्राथमिक स्वास्थ्य केन्द्र ।

(ख) पूर्वाधार विकासः

(१) औद्योगिक ग्रामको प्रवेशद्वार सहितको सीमा पर्खाल वा तारबार,

(२) ११ के. भि. विद्युत प्रसारण लाइन, आवश्यकता अनुसार विद्युत सब स्टेसन तथा ट्रान्सफरमरको व्यवस्था,

(३) वैकल्पिक ऊर्जाको प्रयोग,

(४) गोदाम घरको व्यवस्था,

(५) पानी आपूर्ति व्यवस्था,

(६) भूमिगत र सतह ढल निकासको व्यवस्था,

(७) औद्योगिक फोहोर व्यवस्थापन (फोहोरमैला सङ्कलन तथा विसर्जन),

(८) आवश्यकता अनुसार प्रदुषित पानी उपचार संयन्त्रको व्यवस्था,

(९) सञ्चार सुविधा (टेलिफोन, फ्याक्स, इन्टरनेट आदि),

(१०) सडक बत्तीको व्यवस्था,

(११) प्रचलित कानून बमोजिम औद्योगिक सुरक्षा तथा श्रमिकको सुरक्षाको लागि आवश्यक अन्य पूर्वाधार ।

नेपाल कानून आयोग